**राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ८ को उपदफा (२) सँग सम्बन्धित**

# जनमत पार्टीको विधान, २०८३
**(छलफलका लागि ड्राफ्ट)**

## प्रस्तावना

नेपालको संविधानले प्रदान गरेको नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकार तथा मौलिक हक र कर्तव्यलाई आत्मसात् गर्दै,

जनताले समय–समयमा गरेका जनआन्दोलन, जनविद्रोह, सशस्त्र जनसङ्घर्ष, मधेश आन्दोलन, थरुहट आन्दोलन, आदिवासी जनजाति आन्दोलन सहित विभिन्न सड़क संघर्ष, निर्वाचन आदिका माध्यमबाट व्यक्त जनअभिमतलाई  सम्मान गर्दै तथा विभिन्न विद्रोह,  आन्दोलन र क्रान्तिहरुमा आफ्नो जीवनको आहुति दिएका सम्पूर्ण वीर शहीदहरुलाई स्मरण गर्दै,

जन-संप्रभुता, लोकतन्त्र, सामाजिक न्याय र समाजवादलाई मूलभूत राजनैतिक सिद्धान्तका रुपमा अवलम्बन गरी  गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, लोककल्याणकारी राज्य, समतावाद, बहुलवाद, सामुदायिक स्वशासन र स्वायत्तता, बालिग मताधिकार, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस, संवैधानिक सर्वोच्चता, कानूनी राज्य, मानवअधिकार तथा लोकतन्त्रको विश्वव्यापी मूल्य-मान्यताहरुलाई आत्मसात् गर्दै,

जनताको वास्तविक सार्वभौमसत्ता स्थापित गर्न, लोकतन्त्रको अनुभूति जनस्तरसम्म गराउन, स्थानीय तहदेखि राष्ट्रीय स्तरसम्म जनमतको कदर गर्ने प्रत्यक्ष लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना गर्न, र ‘सूचनाको अधिकार’जस्ता संयन्त्रहरुबाट जनप्रतिनिधिहरुलाई उत्तरदायी बनाउन र भ्रष्टाचार उन्मूलन गर्न, विभिन्न दमन, शोषण, असमानता र विभेद अन्त्य गर्दै जनतालाई अधिकार सम्पन्न बनाउन, समाजलाई समानता तर्फ डोऱ्याउन तथा  मानव-समाजलाई विभेदरहित विकसित, समृद्ध र सुखी बनाउन ‘जनमत पार्टी’ को स्थापना भएको छ।

**परिच्छेद—१**

## प्रारम्भिक

**१. नाम र प्रारम्भ :-**

(१) यस विधानको नाम "जनमत पार्टीको विधान – २०८३" रहनेछ।

(२) यो विधान जनमत पार्टीको केन्द्रिय कार्यकारिणी समितिबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यस विधानको पालना गर्नु पार्टीको हरेक सदस्यको कर्त्तब्य हुनेछ।

(४) यस पार्टीको सम्पूर्ण कामकार्वाही यसै विधानमा लेखिए बमोजिम हुनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा—

(क) "अधिवेशन" भन्नाले धारा — ५६ बमोजिम प्रदेश, जिल्ला, पालिका तथा वडा तहमा आयोजना हुने दलको सम्बन्धित तहको निर्वाचन लगायत विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम भेलालाई सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा — २४५ बमोजिम गठन भएको निर्वाचन आयोगलाई सम्झनु पर्छ ।

(ग) "आयोगको सम्बन्धित कार्यालय" भन्नाले वडा, स्थानीय तह र जिल्ला समितिको हकमा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय, प्रदेश समितिको हकमा सम्बन्धित प्रदेश निर्वाचन कार्यालय र केन्द्रीय समितिको हकमा निर्वाचन आयोग केन्द्रीय कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दलको विभिन्न तहमा रहने समितिलाई सम्झनु पर्छ र सो शब्दले दलका विभिन्न समितिहरू लाई समेत जनाउँछ ।

(च) "कार्यकारी अधिकार" भन्नाले दलको तर्फबाट निर्णय गर्न विधान बमोजिम प्राप्त अधिकार सम्झनु पर्छ ।

(छ) "केन्द्रीय समिति" भन्नाले धारा — २६ बमोजिम केन्द्रीय तहमा गठन र परिचालन हुने दलको कार्यकारी अधिकार भएको समिति सम्झनु पर्छ ।

(ज) "केन्द्रीय निकाय" भन्नाले केन्द्रीय तहमा गठन र परिचालन हुने कार्यकारी समिति लगायत अन्य समिति सम्झनु पर्छ ।

(झ) “कोष” भन्नाले धारा — १०४ बमोजिमको दलको कोषलाई सम्झनु पर्छ ।

(ञ) “तोकिए बमोजिम” भन्नाले यस विधानको अधीनमा रही दलले बनाएको नियमावलीमा तोकिए बमोजिमको कुरा सम्झनु पर्छ ।

(ट) “दल/पार्टी” भन्नाले जनमत पार्टीलाई सम्झनु पर्छ ।

(ठ) “नगरपालिका” भन्नाले नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ ।

(ड) “निर्वाचन समिति” भन्नाले धारा — ३४ बमोजिम गठन हुने निर्वाचन समिति सम्झनु पर्छ ।

(ढ) “पदाधिकारी” भन्नाले यस विधान बमोजिम निर्वाचित वा गठन हुने समितिका अध्यक्ष/सभापति, संयोजक लगायतका पदाधिकारी वा सदस्यलाई सम्झनु पर्छ । सो शब्दले कुनै निश्चित कार्य गर्नका लागि कुनै निकायमा दलको तर्फबाट प्रतिनिधित्व गर्न तोकिएको प्रतिनिधि समेतलाई जनाउँछ ।

(ण) “पालिका” भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ ।

(त) “प्रदेश समिति” भन्नाले धारा— २७ बमोजिम प्रदेश तहमा गठन र परिचालन हुने दलको कार्यकारी समिति सम्झनु पर्छ ।

(थ) “प्रमुख पदाधिकारी” भन्नाले कार्यकारी समितिको अध्यक्ष लगायत अन्य पदाधिकारीहरूलाई सम्झनु पर्छ र यो शब्दले विभाग वा अन्य समितिका संयोजक र सचिव समेतलाई जनाउनेछ ।

(द) “प्रदेश निकाय” भन्नाले प्रदेश तहमा गठन र परिचालन हुने कार्यकारी समिति लगायत अन्य समिति सम्झनु पर्छ ।

(ध) “महाधिवेशन” भन्नाले धारा— ५६ बमोजिम केन्द्रीय तहमा आयोजना हुने केन्द्रीय तहको समितिको निर्वाचन, विधान निर्माण वा संशोधन लगायत विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम भेलालाई सम्झनु पर्छ ।

(न) “माथिल्लो समिति” भन्नाले वडा तहको समितिको हकमा स्थानीय तह समिति, स्थानीय तह समितिको हकमा जिल्ला समिति, जिल्ला समितिको हकमा प्रदेश समिति, प्रदेश समितिको हकमा केन्द्रीय समितिलाई सम्झनु पर्छ ।

(प) “विधान” भन्नाले जनमत पार्टीको विधान, २०८३ लाई सम्झनु पर्छ ।

(फ) “सदस्य” भन्नाले धारा— १४ बमोजिमको दलको सदस्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ब) “सभा/परिषद्” भन्नाले विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम धारा— २९ (२) बमोजिम गठन भएको ’संघीय परिषद्’लाई सम्झनु पर्छ ।

(भ) "समावेशी समूह" भन्नाले महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक, अल्पसङ्ख्यक समुदाय, युवा लगायत दलको नियमावलीमा तोकिएको वर्ग, क्षेत्र र समुदायलाई सम्झनु पर्छ ।

(म) "संसदीय दल" भन्नाले केन्द्रीय संसद वा प्रदेश सभामा दलको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरू

सम्मिलित रहेर केन्द्रीय वा प्रदेश तहको संसदमा गठन हुने दलको संयन्त्रलाई सम्झनु पर्छ ।

(य) "संयन्त्र" भन्नाले दल सञ्चालन गर्नका लागि संघदेखि स्थानीय तहसम्म गठन र परिचालन हुने दलका विभिन्न निकायलाई सम्झनु पर्छ ।

(र) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ल) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्छ ।

(व) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले जिल्लालाई समेत जनाउनेछ ।

(श) "क्षेत्र" भन्नाले दलको महाधिवेशन वा अधिवेशनमा प्रतिनिधि निर्वाचन गर्नका लागि तय गरिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ । यो शब्दले दलको विभिन्न तहका कार्यकारी समितिमा निर्वाचन गर्नका लागि तोकिएका क्षेत्र समेतलाई जनाउनेछ ।

## परिच्छेद—२

## दलको नाम र कार्यालय सम्बन्धी व्यवस्था

### ३. दलको नाम र कार्यालय :-

(१) यस पार्टीको नाम देवनागरीमा "जनमत पार्टी" र रोमनमा "Janamat Party" गरी लेखिनेछ। यस पार्टीको संक्षिप्त नाम "जपा" (रोमनमा "JP") रहनेछ।

(२) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ ।

(३) पार्टीले यस विधान बमोजिमका आफ्ना कार्यक्रम सञ्चालन र व्यवस्थापनको लागि प्रत्येक प्रदेश, जिल्ला र स्थानीय तहमा प्रदेश, जिल्ला तथा स्थानीय कार्यालय स्थापना र सञ्चालन गर्नेछ ।

(४) पार्टीले प्रदेश, जिल्ला तथा स्थानीय तहमा स्थापना गर्ने कार्यालयको ठेगाना र विवरण कार्यालय स्थापना भएको मितिले तीन महिनाभित्र आयोगको सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनेछ ।

**४. पार्टी स्वशासित र संगठित संस्था हुने :-**

(१) यो पार्टी अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) पार्टीले ऐनको अधीनमा रही व्यक्तिसरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(३) पार्टीले आफ्नो नामबाट नालिस उजुर गर्न र पार्टी उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(४) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ ।

(५) ऐन बमोजिम पार्टी खारेज भएमा पार्टीको सम्पत्ति यस विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक नेपाल सरकारको हुनेछ ।

## परिच्छेद—३

## दलको छाप, चिन्ह र झण्डा

५. पार्टीको छापः पार्टीको आफ्नो काम कारबाहीको निमित्त अनुसूची—१ बमोजिमको एउटा छुटै छाप हुनेछ ।

६. पार्टीको चिन्हः पार्टीको चिन्ह अनुसूची—२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

७. झण्डाः पार्टीको झण्डा अनुसूची—३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

८. पार्टीको घोषणपत्रः—

(१) पार्टीको आफ्नो घोषणापत्र हुनेछ । यस्तो घोषणापत्रको एकप्रति पार्टी दर्ताका लागि आयोगमा निवेदन दिँदा संलग्न राखी पेश गरिनेछ ।

(२) पार्टीले आफ्नो घोषणापत्रमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ । पार्टीको घोषणापत्र संशोधन भएमा संशोधन भएको मितिले तीस दिनभित्र आयोगमा संशोधित घोषणापत्रको प्रति पेश गरिनेछ ।

## परिच्छेद—४

## दलको सिद्धान्त, उद्देश्य र कार्यक्रम

९. आधारभूत सिद्धान्त र प्रतिबद्धताः—

क. दलको आधारभूत सिद्धान्त बमोजिम हुनेछः—

१. जनसम्प्रभुता

२. सहभागितामूलक समावेशी संघीय लोकतन्त्र

२. सामुदायिक समाजवाद

३. सामाजिक न्याय

ख. दलको प्रतिबद्धता देहाय बमोजिम हुनेछः—

१. संघीय लोकतान्त्रिक गणतन्त्र

२. संबैधानिक सर्वोच्चता र विधिको शासन,

३. बहुलवादमा आधारित लोककल्याणकारी राज्य व्यवस्था,

४. नागरिक स्वतन्त्रता र मानव अधिकार,

५. संस्थागत सुधार, पारदर्शिता र जवाफदेहिता,

६. सुशासन र प्रभावकारी सेवा प्रवाह,

७. आर्थिक समृद्धि र दिगो विकास,

८. प्रेस स्वतन्त्रता र सूचनाको अधिकार,

९. योग्यताका आधारमा निष्पक्ष निर्वाचन प्रणाली,

१०. नवीनता र प्रविधिमैत्री शासन,

११. समता र समानतामूलक समावेशिता,

१२. वातावरणीय अधिकार र जलवायु न्याय,

१३. डिजिटल डेमोक्रेसी,

१४. सन्तुलित परराष्ट्र नीति ।

(ग) दलको संगठनात्मक सिद्धान्त

(१) पार्टीको सार्वभौमसत्ता पार्टीका सदस्यहरूमा निहित हुनेछ ।

(२)  पार्टीको संगठन देशको संघीय संरचनाका आधारमा निर्माण गरिनेछ । केन्द्र, प्रदेश र स्थानीय निकायहरूमा पार्टीको शक्ति बाँडफाँड हुनेछ ।

(३)  व्यक्ति सङ्गठनको र सङ्गठन महाधिवेशनको मातहत हुनेछ ।

(४)  माथिल्लो समितिको निर्णय तल्लो समितिले कार्यान्वयन गर्नु पर्नेछ ।

(५)  अल्पमतले बहुमतको निर्णय पालन गर्नु पर्नेछ ।कुनै पनि बैठकमा उपस्थित संख्याको ५१% लाई बहुमत मानिनेछ।

(६) पार्टी सदस्यताको प्राप्ति स्वैच्छिक हुनेछ। तर सदस्यका लागि तोकिएको दायित्व र अनुशासनको पालना बाध्यकारी हुनेछ। विधानतः उल्लेख भएका बाहेक पार्टी सदस्यका दायित्वहरु सम्बन्धित समितिद्वारा समय—समयमा निर्धारित गरेबमोजिम हुनेछन् ।

(७) पार्टीका समितिहरू सम्बन्धित तहका अधिवेशनहरूप्रति उत्तरदायी हुनेछन्। सबै समिति र अधिवेशन संघीय महाधिवेशनप्रति उत्तरदायी हुनेछन् ।

(८) पार्टी भित्र समावेशी लोकतन्त्रको अभ्यास गरिनेछ ।

(९) बैठकमा पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ।

(१०) कुनै पनि पदाधिकारी वा सदस्य सम्बन्धित समितिको सूचना र अनुमोदन बिना लगातार ३ पटक बैठकमा अनुपस्थित भएमा सो समितिले निजलाई सो समितिको पदाधिकारी वा सदस्य पदबाट हटाउन सक्नेछ।

**१०. उद्देश्यः** दलको उद्देश्य देहाय बमोजिम हुनेछः—

(क)संविधान र ऐनको अधीनमा रही समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरू लाई संगठित गरी राजनीतिक कामकारबाही सञ्चालन गर्ने ।

(ख)सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवं धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूतिका लागि संघीय, प्रदेश र स्थानीय तहमा शान्तिपूर्ण राजनीतिक गतिविधि सञ्चालन गर्ने,

(ग) समुन्नत राष्ट्र र नागरिक निर्माण, अखण्ड र स्वाभिमानी राष्ट्र निर्माणका लागि राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्न राजनीतिक गतिविधि सञ्चालन गर्ने,

(घ) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरण गर्दै जनताको वास्तविक सार्वभौमसत्ता स्थापित गर्ने,

(ङ) नेपालको भौगोलिक अखण्डता अक्षुण्ण राख्दै सुशासन र स्वायत्तता स्थापित गर्ने,

(च) लोकतन्त्रको प्रवाहीकरण र अभ्यास जनस्तरसम्म गराउने,

(छ) स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म जनमतको कदर गर्ने प्रत्यक्ष लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना गर्नु र "सूचनाको अधिकार" जस्ता संयन्त्रहरुबाट जनप्रतिनिधिहरुलाई उत्तरदायी बनाउँदै भ्रष्टाचार उन्मूलन गर्ने,

(ज) राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक एवम् सामुदायिक दमन, शोषण, असमानता र विभेद अन्त्य गर्दै समानुपातिक समावेशी, सामाजिक न्याय, समाजवाद र समतावादलाई अँगाल्दै सम्पूर्ण जनतालाई अधिकार सम्पन्न बनाउने,

(झ) मुलुकको आर्थिक, सामाजिक वा सांस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,

(ञ) राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुर्‍याउने,

(ट) राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रूपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,

(ठ) सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुर्‍याउने,

(ड) समाजलाई समानता र सद्भाव तर्फ डोर्‍याउँदै मानव-समाजलाई विभेदरहित विकसित, समृद्ध र सुखी बनाउने,

(ढ) स्वयंसेवी भावनाको विकास, नागरिक जिम्मेबारी, मानव-अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ण) विपद् जोखिम न्यूनीकरण शिक्षा अभियान सञ्चालन गरी पूर्व तयारी कार्यमा सहयोग पुर्‍याउने,

(त) राष्ट्रिय विपत्तिको समयमा खोज, उद्धार, सहयोग, पुनर्स्थापना लगायत अन्य आवश्यक सहयोग गर्ने,

(थ) आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने,

(द) आयोगबाट सञ्चालित कार्यक्रममा सहयोग पुर्‍याउने ।

## ११. उद्देश्य प्राप्तिका लागि गरिने कार्य :—

(१) आयोगबाट विधान स्वीकृत भई पार्टी दर्ता भएपछि मात्र पार्टीले धारा—१० मा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि कार्य सञ्चालन गर्नेछ ।

(२) धारा–१० बमोजिमका उद्देश्य प्राप्त गर्न पार्टीले देहाय बमोजिमका काम गर्नेछ–

(क) पार्टीलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) पार्टीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्ने,

(ग) बैंकमा खाता खोली पार्टीलाई प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने,

(घ) पार्टीको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार अचल सम्पत्ति खरिद गर्ने एवम् विधान र पार्टीको नियमावली बमोजिम उक्त सम्पत्ति बेचबिखन गर्ने,

(ङ) आफ्ना नीति, कार्यक्रम, योजना वा रणनीति सार्वजनिक गर्ने वा सो विषयमा प्रचार प्रसार गर्ने,

(च) संविधान र ऐन बमोजिम आफूसँग सम्बद्ध संस्थाको गठन गर्ने वा गराउने,

(छ) आफ्ना नीति, कार्यक्रम वा योजना कार्यान्वयन गर्न वा गराउन आवश्यकता अनुसार शान्तिपूर्ण जुलुस, आमसभा वा -याली आयोजना गर्ने,

(ज) पार्टीको उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार प्रसार गर्ने गराउने,

(झ) प्रतिस्पर्धात्मक बहुदलीय, केन्द्रीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणसम्बन्धी कार्य गर्ने,

(ञ) मुलुकको आर्थिक, सामाजिक वा सांस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,

(ट) राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पु¥याउने,

(ठ) राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रूपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,

(ड) नागरिकका हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने,

(ढ) सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पु-याउने,

(ण) सुशासन पाउने नागरिकको हकलाई व्यवहारिक रूपले कार्यान्वयनमा ल्याउन सरकारी, निजी क्षेत्र वा गैरसरकारी क्षेत्रमा आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने,

(त) लोकतन्त्रको प्रवर्द्धन, विकास तथा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने ।

(थ) स्वयंसेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्द्धन, मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्दै सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने,

(द) पार्टीको उद्देश्य पूरा गर्न तोकिए बमोजिम आवश्यक अन्य काम गर्ने,

**१२. नीति तथा कार्यक्रम निर्माण :—**

(१) पार्टीको राष्ट्रिय महाधिवेशनबाट पाँच वर्षका लागि पार्टीको नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको नीति तथा कार्यक्रम र बजेटमा सम्भव भएसम्म केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहका लागि अलग—अलग नीति तथा कार्यक्रम तयार गर्न सकिनेछ ।

(३) सम्बन्धित तहका समितिहरू को लागि सम्बन्धित तहको अधिवेशनले उक्त अधिवेशन अवधिभरका लागि नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरिनेछ ।

(४) सम्बन्धित तहको समितिले उक्त तहको महाधिवेशनमा पेश गर्न तयार गर्ने नीति तथा कार्यक्रम र बजेट धारा— १३ बमोजिम तयार गर्नु पर्नेछ ।

**१३. नीति तथा कार्यक्रम निर्माणमा सहभागिता :-**

पार्टीको नीति तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितासम्बन्धी विषय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—५

## पार्टी सदस्यता, नवीकरण शुल्क र अभिलेख सम्बन्धी व्यवस्था

**१४. सदस्यताको प्रकार :-**

पार्टीमा देहाय बमोजिमका सदस्यहरू रहने छन्—

(क) साधारण सदस्य

(ख) क्रियाशील सदस्य

(ग) मानार्थ सदस्य

**१५. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :-**

पार्टीको सदस्यता प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ—

(क) नेपाली नागरिक भएको,

(ख) अठार वर्ष उमेर पूरा गरेको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौज्दारी कसूरमा कैदको सजाय नपाएको, वा सजाय भएको भए सो भुक्तान गरेको एक वर्ष बढी अवधि बितेको,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक, कर्मचारीको पदमा बहाल नरहेको,

(ङ) कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको ।

(च) पार्टीको विधान, घोषणापत्र, सिद्धान्त, नीति, कार्यक्रम र निर्णयहरुलाई पालना गर्न मञ्जुर गरेको,

(छ) पार्टीको सदस्यता दस्तुर बुझाउन र तोकिएको जिम्मेबारी लिन मञ्जुर गरेको,

**१६. सदस्य हुन नसक्ने :-**

देहायको अवस्था भएको कुनै पनि व्यक्ति पार्टीको सदस्य हुन योग्य हुने छैन—

(क) गैह्र नेपाली नागरिक,

(ख) अठार वर्ष उमेर पूरा नभएको,

(ग) दामासाहीमा परेको,

(घ) मगज बिग्रिएको वा होस ठेगानमा नरहेको,

(ङ) कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भुक्तान नभएको ।

**१७. सदस्यता समाप्ति :-**

(१) देहायको अवस्थामा कुनै पनि व्यक्ति पार्टीको सदस्यता कायम रहने छैनः—

(क) धारा—१५ बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने भएमा,

(ख) यस विधान बमोजिमको प्रक्रिया पूरा गरी पार्टीले सदस्यताबाट हटाएमा,

(ग) आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) मृत्यु भएमा,

(ङ) ऐन बमोजिम पार्टीले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरे, गराएको प्रमाणित भएमा,

(च) सम्बन्धित सदस्यले पार्टी त्याग गरेको लिखित सूचना दिएमा,

(छ) ऐन बमोजिम पार्टी त्याग गरेको मानिने कार्य गरे वा गराएमा,

(ज) अर्को पार्टीको सदस्यता प्राप्त गरेमा ।

(२) उपधारा (१) को खण्ड (ख), (ङ), (च) र (ज) बमोजिम सदस्यता कायम नरहने निर्णय गर्नुअघि सम्बन्धित सदस्यलाई निजको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम मौका दिएकोमा निजले सफाई पेश गरेपछि वा सफाई पेश गर्ने अवधि समाप्त भएपछि मात्र सदस्यता कायम रहने वा नरहने सम्बन्धमा अन्तिम निर्णय गर्नु पर्नेछ ।

(४) उपधारा (३) बमोजिम पार्टीले गरेको निर्णयउपर चित्त नबुझ्ने सदस्यले पार्टीबाट भएको निर्णय उपर यस विधान बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन गर्नसक्नेछ ।

(५) उपधारा (३) बमोजिम भएको निर्णय उपधारा (४) बमोजिम पुनरावेदन परेकोमा पुनरावेदनको सुनुवाईबाट भएको निर्णय बमोजिम र पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद समाप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

**१८. सदस्यता शुल्क :-**

पार्टीको सदस्यता शुल्क देहाय बमोजिम हुनेछ—

(क) साधारण सदस्यता शुल्क वार्षिक रु. १० र क्रियाशील सदस्यता शुल्क वार्षिक रु. १०० रहनेछ। सदस्यता लिँदा सदस्यहरुले स्वेच्छिक रुपमा आर्थिक सहयोग गर्न सक्नेछन् ।

(ख) प्रत्येक क्रियाशील सदस्यले तोकिए बमोजिम नियमित आर्थिक सहयोग (लेवी) बुझाउनु पर्नेछ।

(ग) मानार्थ सदस्यहरूको लागि सदस्यता शुल्क लाग्ने छैन।

(घ) देश बाहिर रहेको संगठन सहित भातृ एवं पेशागत संगठन तथा मोर्चाहरुको हकमा सदस्यता शुल्क केन्द्रीय सचिवालयले निर्धारण गरे बमोजिम बाँकी अन्य भन्दा फरक हुन सक्नेछ।

**१९. पार्टीको सदस्यता प्रदान गर्ने कार्यविधि :-**

(१) धारा—१५ बमोजिमको योग्यता पुगेको व्यक्तिले पार्टीको सदस्यता लिने कार्यविधि पार्टीले तोके बमोजिम हुनेछ ।

(२) क्रियाशील सदस्यताः साधारण सदस्य भएर पार्टीप्रति पूर्णतः निष्ठावान् भएर सक्रिय भई कम्तीमा १ वर्ष काम गरेका सदस्यहरु क्रियाशील सदस्यताको लागि निश्चित शुल्क र लेवी तिरेर, पार्टीको मातहतका समितिको सिफारिशमा, क्रियाशील सदस्यताका लागि आवेदन दिन सक्नेछन्। वडा स्तरदेखि माथिल्लो समितिले सो आवेदनमाथि विचार गरी तोकिएको प्रक्रिया बमोजिम क्रियाशील सदस्यता दिन सक्नेछ। केन्द्रिय सचिवालयले आवश्यक ठानेमा योग्यता र मापदण्ड पुगेका कुनै पनि नागरिकलाई क्रियाशील सदस्यता दिन सक्नेछ।

(३) मानार्थ सदस्यताः मानार्थ सदस्यता केन्द्रिय सचिवालयको निर्णयले समाजमा विशिष्ठ योगदान दिएका व्यक्तिहरुलाई दिन सकिनेछ।

(४) पार्टीसँग आबद्ध भातृ तथा पेशागत संगठन एवं मोर्चाका सदस्यहरु स्वतः साधारण सदस्य हुनेछन्।

**२०. सदस्यता पुनः प्राप्ति :-**

(१) अनुशासनको कारबाहीमा परी पार्टीको सदस्यता समाप्त भएको व्यक्तिले तोकिएको प्रक्रिया पूरा गरी पुनः सदस्यता प्राप्ति गर्न सक्नेछ ।

(२) पार्टी सदस्यता नवीकरण नगरेको कारण सदस्यता गुमाउन पुगेका व्यक्तिले तोकिए बमोजिम पुनः नवीकरण गरेमा निजको सदस्यता कायम हुनेछ ।

(३) सदस्यता पुनः प्राप्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमाजिम हुनेछ ।

**२१. सदस्यता नवीकरण :-** सदस्यता नवीकरण सम्बन्धी व्यवस्था पार्टीले तोके बमोजिम हुनेछ।

**२२. सदस्यता दर्ता किताब :-**

(१) यस परिच्छेद बमोजिम दलले प्रदान गरेको प्रत्येक सदस्यको सदस्यताको प्रकार खुल्ने गरी अनुसूची—४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रीय तहमा सदस्यता दर्ता किताब राखिनेछ ।

(२) सदस्यता प्रदान गरेको मितिले सम्बन्धित स्थानीय तह स्तर, जिल्ला र प्रदेश समितिले एक महिनाभित्र र केन्द्रीय समितिले तीन महिनाभित्र उपधारा (१) बमोजिमको दर्ता किताबमा सदस्यको अभिलेख कायम गर्नेछन् ।

(३) उपधारा (२) बमोजिम कायम भएको दर्ता किताब बमोजिमको अभिलेख विवरण केन्द्रीय समितिमार्फत प्रत्येक वर्षको चैत्र मसान्तभित्र आयोगमा पेश गरिनेछ ।

**२३. सदस्यता सम्बन्धी अन्य व्यवस्था :-**

(१) पार्टीको सदस्यले सदस्यता प्राप्त गरेपछि अनुसूची—५ बमोजिमको सपथ—ग्रहण गर्नु पर्नेछ ।

(२) पार्टीको सदस्यको परीक्षण काल तथा परीक्षणसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) पार्टीको सदस्यता लिएको मितिले ६ महिनाभित्र पार्टीको विचार, सिद्धान्त, कार्यक्रम र नीति लगायतको विषयहरूमा प्रशिक्षण लिनु पर्नेछ । प्रशिक्षण सम्बन्धी व्यवस्था प्रशिक्षण विभागले सञ्चालन गर्नेछ ।

(ख) पार्टीको निर्णय तथा तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक पालना गरेको हुनु पर्नेछ ।

(३) पार्टी सदस्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२४. पार्टी सदस्यको काम, कर्तव्य र अधिकार :-**

(१) पार्टीको सदस्यको काम, कर्ताब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पार्टीको उद्देश्य प्राप्ति गर्न सक्रिय रहनु ।

(ख) पार्टीबाट जारी भएका नीति, निर्देशन, आचारसंहिता र दस्तावेजहरु प्राप्त गरि व्यवहारमा लागु गर्नु ।

(ग) पार्टीको अनुशासनलाई पालना गर्नु, कार्यक्रम, नीति निर्देशनलाई सदैव पालना गर्नु ।

(घ) पार्टीको बैठक, भेला र सभा सम्मेलनमा भाग लिनु ।

(ङ) तोकिएको लेभि तथा शुल्कहरु नियमित रुपमा बुझाउनु ।

(च) पार्टीको सदस्यको सपथ लिई कार्य गर्नु ।

(२) साधारण सदस्यः साधारण सदस्यले पार्टीको प्रचार-प्रसार गर्ने, संगठन विस्तारमा सघाउ पुऱ्याउने, पार्टीद्वारा आयोजित सार्वजनिक कार्यक्रम तथा आन्दोलनहरुमा भाग लिने, स्वयंसेवकको रुपमा काम गर्ने तथा पार्टीका समितिहरुको निर्देशनमा अन्य कामहरु गर्नेछ ।

(३)क्रियाशील सदस्यः क्रियाशील सदस्यहरु आफ्नो क्षेत्रमा पार्टीको बैठक, अधिवेशन वा महाधिवेशनमा मतदान गर्न र चुनिन योग्य हुनेछन् । क्रियाशील सदस्यता पार्टीको कुनै पनि गाउँ वा नगरपालिकामा अधिवेशन भन्दा कम्तीमा ३ महिना अगाडी सम्म स्थान्तरण गर्न सकिनेछ ।

(४) मानार्थ सदस्यहरुले पार्टीको कुनै पनि अधिवेशनमा भाग लिन योग्य हुने छैन ।

## परिच्छेद—६
## पार्टीको संगठनात्मक संरचना सम्बन्धी व्यवस्था

### २५. संठनात्मक संरचना :-

(१) पार्टीको संगठनात्मक संरचना देहाय बमोजिम हुनेछ—

(क) महाधिवेशन

(ख) केन्द्रिय संगठन

1. संघीय परिषद्/सभा
2. केन्द्रीय समिति ( केन्द्रीय सचिवालय र केन्द्रीय कार्यकारिणी समिति समेत)
3. विशेष समितिहरू
4. संघीय मण्डल, विशेष परिषद्, विभाग र मोर्चा

(ग) प्रदेश संगठन

1. प्रदेश परिषद्/सभा
2. प्रदेश समिति
3. विशेष समितिहरू

4. प्रदेश विशेष परिषद्, विभाग र मोर्चा

(घ) जिल्ला संगठन

1. जिल्ला परिषद्/सभा
2. जिल्ला समिति
3. विशेष समितिहरू
4. जिल्ला विशेष परिषद्, विभाग र मोर्चा

(ङ) प्रतिनिधि सभा निर्वाचन क्षेत्र समिति / प्रदेश सभा निर्वाचन क्षेत्र समिति

(च) स्थानीय संगठन

1. पालिका परिषद्/सभा
2. पालिका समिति
3. विशेष समितिहरू
4. पालिका विशेष परिषद्, विभाग र मोर्चा
5. वडा अधिवेशन
6. वडा समिति
7. गाउँ/टोल/बूथ समिति

(२) उपधारा (१) बमोजिमको निकायहरू सहितको पार्टीको संठनात्मक संरचना अनुसूची—८ मा उल्लेख गरिए बमोजिमको ढाँचामा हुनेछ ।

(३) उपधारा (२) बमोजिमको ढाँचामा प्रतिकूल असर नपर्ने गरी दलको केन्द्रीय सचिवालयले आवश्यकता अनुसार पार्टीको संठनात्मक संरचनामा सामान्य हेरफेर गर्न सक्नेछ ।

(४) उपधारा (३) बमोजिम संरचनामा हेरफेर गरिएकोमा सो सम्बन्धी निर्णय भएको मितिले तीस दिनभित्र आयोगलाई जानकारी दिनु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम भएको संरचनाको हेरफेरको निर्णय भएपश्चात लगत्तै सम्पन्न हुने महाधिवेशनमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

(६) उपधारा (५) बमोजिम महाधिवेशनमा पेश भएकोमा प्रस्ताव स्वीकृत भएमा अनुसूचीमा संशोधन गर्नु पर्नेछ तर प्रस्ताव अस्वीकृत भएमा तत्काल कायम रहेको व्यवस्था बमोजिम हुनेछ ।

(७) उपधारा (६) बमोजिम महाधिवेशनबाट प्रस्ताव अस्वीकृत भएमा संरचना हेरफेरसम्बन्धी सम्पूर्ण कार्य निष्क्रिय हुनेछ ।

## परिच्छेद—७
## समिति र पदाधिकारी सम्बन्धी व्यवस्था

**२६. केन्द्रीय समिति :-**

(१) (क) संघीय तहमा कार्यकारी अधिकारसहितको बढीमा १५१ सदस्यको केन्द्रीय कार्यकारिणी समिति हुनेछ। विधान वा ऐनले केन्द्रीय समितिले गर्नु पर्ने काम यही केन्द्रीय कार्यकारिणी समितिले गरेको मानिनेछ।

(ख) वैकल्पिक सदस्य सहित विस्तारित केन्द्रीय समिति बढीमा ७५१ सदस्यीय हुनेछ।

(२) उपधारा (१) बमोजिमको समितिमा देहाय अनुसारका पदाधिकारीहरू केन्द्रीय सचिवालयमा रहनेछन्

(क) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिव गरी बढ़ीमा ३५ जना पदाधिकारीहरू।

(ख) पदाधिकारीहरूको पद र संख्याको विषयमा अन्य व्यवस्था केन्द्रीय कार्यकारिणी समितिले तोके बमोजिम हुनेछ।

(३) उपधारा (२) बमोजिमको पदाधिकारीहरूको निर्वाचन राष्ट्रिय महाधिवेशनबाट प्रत्येक ५ बर्षमा गरिनेछन् ।

(४) उपधारा (१) बमोजिमको केन्द्रीय समितिमा कूल सदस्य संख्याको कम्तीमा एक तिहाई महिलाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(५) उपधारा (१) बमोजिमको केन्द्रीय समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी समावेशी सिद्धान्तको आधारमा तोकिए बमोजिमको संख्यामा रहनेछन् ।

(६) पार्टी अध्यक्षले पदाधिकारी वा सदस्यहरू मध्येबाट एक जनालाई पार्टी प्रवक्ता र एक जनालाई कोषाध्यक्ष मनोनित गर्नेछ ।

(७) केन्द्रीय समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२७. प्रदेश समिति :-**

(१) प्रत्येक प्रदेशमा कार्यकारी अधिकारसहितको बढीमा ३५१ सदस्यीय प्रदेश समिति रहनेछ ।

(२) उपधारा (१) बमोजिमको प्रदेश समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष सहितका पदाधिकारीहरू रहनेछन्।

(३) उपधारा (२) बमोजिमको पदाधिकारीहरूको निर्वाचन प्रदेश अधिवेशनबाट प्रत्येक ५ बर्षमा गरिनेछन ।

(४) उपधारा (१) बमोजिमको प्रदेश समितिमा कूल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(५) उपधारा (२) बमोजिमको प्रदेश समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा एक तिहाई महिलासहित सामाजिक विविधता प्रतिविम्बित हुने गरी समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको सङ्ख्यामा सदस्य रहनेछन् ।

(६) प्रदेश समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२८. स्थानीय समिति :-**

(१) प्रत्येक जिल्लामा कार्यकारी अधिकार सहितको जिल्ला समिति रहनेछन् ।

(२) उपधारा (१) बमोजिमको जिल्ला समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष सहितका तोकेबमोजिम पदाधिकारीहरू रहनेछन् ।

(३) प्रत्येक प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन क्षेत्रमा प्रतिनिधि/प्रदेश सभा निर्वाचन क्षेत्र समिति रहनेछ।

(४) उपधारा (३) बमोजिमको प्रतिनिधि/प्रदेश सभा निर्वाचन क्षेत्र समितिमा तोकेबमोजिम पदाधिकारीहरू रहनेछन् ।

(५) प्रत्येक पालिकामा कार्यकारी अधिकार सहितको पालिका समिति रहनेछ ।

(६) उपधारा (५) बमोजिमको पालिका समितिमा तोकिए बमोजिमका पदाधिकारीहरू रहनेछन् ।

(७) प्रत्येक वडामा कार्यकारी अधिकार सहितको वडा समिति रहनेछ ।

(८) उपधारा (७) बमोजिमको वडा समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष सहितका तोकिए बमोजिमका पदाधिकारीहरू रहनेछन् ।

(९) वडाअन्तर्गत पर्ने गाउँ/टोलहरूमा आवश्यकता अनुसार गाउँ/टोल/बूथ समिति गठन गर्न सकिनेछ र सो समितिमा तोके बमोजिम पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(१०) उपधारा (२) बमोजिमका पदाधिकारीहरूको निर्वाचन सम्बन्धित जिल्ला अधिवेशनबाट, उपधारा (४), (६) र (८) बमोजिमका पदाधिकारीहरूको निर्वाचन सम्बन्धित निर्वाचन क्षेत्र/पालिका/वडा अधिवेशनबाट प्रत्येक २ वर्षमा गरिनेछ ।

(९) उपधारा (१), (३), (५) र (७) बमोजिमको समितिमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन्।

(१०) उपधारा (१), (३), (५) र (७) बमोजिमको समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्बित हुने गरी समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा गरिनेछ ।

(१०) स्थानीय समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. अन्य व्यवस्था तथा समितिहरूः**

(१) धारा २८ बमोजिमको समिति बाहेक दलले यस धारामा उल्लेख भए अनुसारका अन्य समिति/परिषदहरूको गठन र परिचालन गर्नेछ ।

(२) दलको देहाय अनुसारको सभा/परिषद रहने छः—

(क) सल्लाहकार परिषद्

(ख) विज्ञ परिषद्

(ग)युवा नेतृत्व परिषद्

(३) दलको देहाय अनुसारको अन्य समिति रहने छः—

(क)अनुशासन समिति

(ख)पुनरावेदन समिति

(ग) लेखा समिति

(घ) निर्वाचन समिति

(ङ) विवाद समाधान समिति

(च) अन्य समिति

(४) उपधारा (२) को खण्ड (ख) बमोजिमको सल्लाहकार परिषद्को गठन देहाय अनुसार हुनेछ।

(क) सल्लाहकार परिषद्मा सम्बन्धित तहको समितिले मनोनित गरे बमोजिमका सदस्यहरू रहनेछन्।

(ख) सल्लाहकार परिषद्मा काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

(५) उपधारा (२) को खण्ड (ग) बमोजिमको विज्ञ परिषद्को गठन देहाय अनुसार हुनेछ।

(क) विज्ञ परिषद्मा सम्बन्धित तहको समितिले मनोनित गरे बमोजिमका सदस्यहरू रहनेछन्।

(ख) विज्ञ परिषद्मा काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

(६) उपधारा (२) को खण्ड (घ) बमोजिमको युवा नेत्तृत्व परिषद्को गठन देहाय अनुसार हुनेछ।

(क) युवा नेत्तृत्व परिषद्मा सम्बन्धित तहको समितिले मनोनित गरे बमोजिमका सदस्यहरू रहनेछन्।

(ख) युवा नेत्तृत्व परिषद्मा काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

(७) उपधारा (३) को खण्ड (क) बमोजिमको अनुशासन समिति गठन धारा (९६) अनुसार हुनेछ।

(८) उपधारा (३) को खण्ड (ख) बमोजिमको पुनरावेदन समिति गठन धारा (९८) अनुसार हुनेछ।

(९) उपधारा (३) को खण्ड (ग) बमोजिमको लेखा समिति गठन धारा १०७ अनुसार हुनेछ।

(१०) उपधारा (३) को खण्ड (घ) बमोजिमको निर्वाचन समिति गठन धारा ३४ अनुसार हुनेछ।

(११) उपधारा (३) को खण्ड (ङ) बमोजिमको विवाद समाधान समिति गठन धारा १०१ अनुसार हुनेछ।

(१२) यस धारा अन्तर्गत अन्य परिषद् वा समितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३०. विभाग र मोर्चाहरू**

(१) पार्टीको काम, कारवाहीलाई सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी, पेशा र क्षेत्रसम्म सहज रूपमा सञ्चालन गर्न, गराउन दलले यस धारामा उल्लेख भएअनुसार विभिन्न विभाग तथा मोर्चाको गठन र परिचालन गर्नेछ ।

२) पार्टीको केन्द्रीय तहमा देहायअनुसारका विभाग र मोर्चाहरू रहने छन्—

क) विभागहरू

1. संसदीय मामिला विभाग
2. रोजगार विभाग
3. शिक्षा विभाग
4. स्वास्थ्य विभाग
5. भौतिक संरचना विकास विभाग
6. संगठन विभाग
7. सुरक्षा विभाग
8. राहत एवम् उद्धार विभाग
9. विदेश विभाग
10. आर्थिक विभाग
11. प्रशिक्षण एवं विद्यालय विभाग
12. संचार विभाग
13. प्रचार-प्रसार विभाग
14. समाज-कल्याण विभाग
15. अनुसन्धान विभाग
16. मानव-अधिकार विभाग
17. कानून विभाग
18. अन्य विभाग

(ख) मोर्चाहरू

1. विद्यार्थी जनमत संघ
2. युवा जनमत संघ
3. उद्योग व्यवसायी जनमत संघ
4. पूर्व कर्मचारी जनमत संघ
5. मजदूर जनमत संघ (ट्रेड यूनियन)
6. पत्रकार जनमत संघ

7. किसान जनमत संघ
8. शिक्षक जनमत संघ
9. प्राध्यापक जनमत संघ
10. चिकित्सक जनमत संघ
11. इन्जिनियर जनमत संघ
12. वकील जनमत संघ
13. बुद्धिजीवि जनमत संघ
14. सुकुम्बासी जनमत संघ
15. सहकारी जनमत संघ
16. गैर-सरकारी संगठन जनमत संघ
17. महिला जनमत संघ
18. दलित जनमत संघ
19. आदिवासी जनजाति जनमत संघ
20. मुस्लिम जनमत संघ
21. खसआर्य जनमत संघ
22. थारू जनमत संघ
23. पिछडावर्ग जनमत संघ
24. अल्पसंख्यक जनमत संघ
25. प्रवासी जनमत संघ
    i. खसआर्य प्रवासी जनमत संघ
    ii. आदिवासी जनजाती प्रवासी जनमत संघ
    iii. मुस्लिम प्रवासी जनमत संघ
    iv. थारू प्रवासी जनमत संघ
    v. दलित प्रवासी जनमत संघ
    vi. गैर-आवासीय मधेशी संघ
26. अन्य मोर्चा

(३) उपधारा (२) बमोजिमका विभाग तथा मोर्चामा तोकिए बमोजिमको पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(४) प्रदेश तहमा पनि आवश्यकता अनुसार उपधारा (२) अनुसारका विभाग र मोर्चाहरू रहने छन्।

(५) उपधारा (४) बमोजिमका विभाग तथा मोर्चामा तोकिए बमोजिमको पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(६) दलको जिल्ला तहमा आवश्यकता अनुसार उपधारा (२) अनुसारका विभाग र मोर्चाहरू रहने छन्।

(७) उपधारा (६) बमोजिमका विभाग तथा मोर्चामा तोकिए बमोजिमको पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(८) दलको स्थानीय तहमा आवश्यकता अनुसार उपधारा (२) अनुसारका विभाग र मोर्चाहरू रहने छन्।

(९) उपधारा (८) बमोजिमका विभाग तथा मोर्चामा तोकिए बमोजिमको पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(१०) उपधारा २, ४,६ र ८ बमोजिमका विभागहरूमा रहने पदाधिकारीहरूको छनौट सम्बन्धित पार्टी समितिले गर्नेछ । उपधारा २, ४, ६ र ८ बमोजिमका मोर्चाहरूमा रहने पदाधिकारीहरूको निर्वाचन सम्बन्धित महाधिवेशन/अधिवेशनबाट सामान्यतया प्रत्येक २ वर्षमा गरिनेछ।

(११) उपधारा २, ४, ६ र ८ बमोजिमका विभाग तथा मोर्चाका समितिहरूमा कुल सदस्य संख्याको कम्तिमा एक तिहाई महिला सदस्य रहनेछन् ।

(१२) उपधारा २, ४, ६ र ८ बमोजिमका विभाग तथा मोर्चाका समितिहरूमा समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा सदस्य रहनेछन् ।

(१३) यस धारा बमोजिम गठन हुने विभाग तथा मोर्चा सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३१. पदावधि** :- (१) केन्द्रीय समिति तथा प्रदेश समिति तथा केन्द्रीय र प्रदेश तहमा रहने मण्डल, परिषद्, समिति, विभाग वा मोर्चाको पदावधि ५ वर्षको हुनेछ ।

(२) जिल्ला, निर्वाचन क्षेत्र, पालिका समिति र सो तहमा रहने परिषद्, समिति, विभाग वा मोर्चाको पदावधि २ वर्षको हुनेछ ।

(३) वडा समिति तथा सो तहमा रहने परिषद्, समिति, विभाग वा मोर्चाको पदावधि २ वर्षको हुनेछ ।

(४) अन्य समितिको पदावधि तोकिएको हुनेछ ।

**३२. संसदीय दल :-**

(१) संघीय संसद वा प्रदेश सभाको निर्वाचनमा दलको तर्फबाट निर्वाचित प्रत्येक सदस्यहरू संसदीय दलको सदस्य रहने गरी संघीय तथा प्रदेश सभा संसदीय दल गठन गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको प्रतिनिधिसभा तथा प्रदेशसभा संसदीय दलमा देहाय अनुसार पदाधिकारीहरू रहने छन्—

(क) दलको नेता

(ख) दलको उपनेता

(ग) प्रमुख सचेतक

(घ) सचेतक

(ङ) सचिव

(३) दलको संघीय तथा प्रदेश संसदीय दलसम्बन्धी अन्य व्यवस्था सम्बन्धित संसदीय दलको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) स्थानीय तहमा दलको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरू रहेको स्थानीय तह संसदीय समिति गठन गर्न सकिनेछ ।

(५) उपधारा (४) बमोजिम गठन हुने स्थानीय तह संसदीय समिति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस धारा बमोजिम गठन हुने संसदीय दल तथा संसदीय समितिको पदावधि सम्बन्धित तहको संसद, सभाको अवधिभर हुनेछ ।

## परिच्छेद— ८
## निर्वाचन र मनोनयनसम्बन्धी व्यवस्था

**३३. निर्वाचन प्रणाली :-**

(१) पार्टीको केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समन्वय समिति, निर्वाचन क्षेत्र समिति, पालिका समिति, वडा समिति लगायत दलको विभिन्न समिति र मोर्चाहरूमा रहने पदाधिकारीको निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली अपनाइनेछ ।

(२) केन्द्रीय समितिको पदाधिकारीहरू को निर्वाचन देहाय अनुसार गरिनेछ—

(क) राष्ट्रिय महाधिवेशनबाट राष्ट्रिय अध्यक्ष सहित केन्द्रीय सचिवालयका पदाधिकारी र केन्द्रीय कार्यकारिणी समिति सदस्यहरू प्रत्यक्ष निर्वाचन विधि मार्फत महाधिवेशन प्रतिनिधिहरूद्वारा मतदानबाट वा सर्वसम्मत तरीकाले वा अधिकार प्रत्यायोजन गरी चयन गरिनेछ । निर्वाचित हुन नसकेका रिक्त पद तथा सदस्यहरू तथा वैकल्पिक केन्द्रीय सदस्यहरू निर्वाचित अध्यक्षद्वारा मनोनयन गरी पूर्ती गरिनेछ।

(ख) निर्वाचन सम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन समितिबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ।

(३) प्रदेश समितिको पदाधिकारीहरूको निर्वाचन देहाय अनुसार गरिनेछ—

(क) प्रदेश समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले तोकेको विधि मार्फत अधिवेशन प्रतिनिधिहरूले सर्वसम्मत वा मतदान वा अधिकार प्रत्यायोजन मार्फत् गरिनेछ ।

(ख) निर्वाचन सम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ।

(४) जिल्ला समितिको पदाधिकारीहरूको निर्वाचन देहायअनुसार गरिनेछ—

(क) जिल्ला समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन समितिले तोकेको विधि मार्फत् अधिवेशन प्रतिनिधिहरूले सर्वसम्मत वा मतदान वा अधिकार प्रत्यायोजन मार्फत् गरिनेछ ।

(ख) निर्वाचन सम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ।

(५) पालिका समितिको पदाधिकारीहरूको निर्वाचन देहाय अनुसार गरिनेछ—

(क) पालिका समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन पालिका निर्वाचन समितिले गराउनेछ।

(ख) निर्वाचनसम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ।

(६) वडा समितिको पदाधिकारीहरूको निर्वाचन देहाय अनुसार गरिनेछ—

(क) वडा समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन स्थानीय तह समितिद्वारा गठित निर्वाचन समितिले गराउनेछ।

(ख) निर्वाचनसम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ।

(७) अन्य समितिको पदाधिकारीहरू को निर्वाचन देहायअनुसार गरिनेछ—

(क) अन्य समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन समितिद्वारा गठित निर्वाचन समितिले गराउनेछ।

(ख) निर्वाचनसम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ।

(८) दलको विभिन्न तहमा रहने समितिको पदाधिकारीहरूको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

(९) दलको विभिन्न तहका परिषद्को गठन तथा पदाधिकारीहरूको निर्वाचन तोकिए बमोजिम हुनेछ।

(१०) पार्टीको कार्य सञ्चालनका लागि आवश्यक अन्य निर्वाचन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ३४. निर्वाचन समिति :-

(१) केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समन्वय समिति, निर्वाचन क्षेत्र समिति, पालिका समिति, वडा समिति लगायत विधान बमोजिम गठन गर्नुपर्ने अन्य समितिको निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय, प्रदेश, निर्वाचन क्षेत्र, पालिका तथा अन्य आवश्यक निकाय वा स्तरमा स्थायी संरचनाको रूपमा एक निर्वाचन समिति रहनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचन समितिमा देहाय अनुसारका पदाधिकारीहरू रहने छन्—

(क) अध्यक्ष —१ जना,

(ख) सचिव —१ जना,

(ग) सदस्य —३ जना,

(३) उपधारा (२) बमोजिमको निर्वाचन समितिमा एक तिहाई महिला सदस्य रहने छन् ।

(४) निर्वाचन समितिका पदाधिकारीहरूको निर्वाचन राष्ट्रिय महाधिवेशन तथा सम्बन्धित तहको अधिवेशनबाट प्रत्यक्ष निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

(५) सम्बन्धित तहको निर्वाचन समितिका पदाधिकारीहरू सम्बन्धित तहको समितिका पदेन सदस्य रहने छन् ।

(६) निर्वाचनसम्बधी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३५. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :-**

(१) निर्वाचन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्—

(क) मतदाता नामावली तयार गर्ने,

(ख) सम्बन्धित तहको समितिको निर्वाचनका लागि निर्वाचनको मिति, स्थान र समयको घोषणा गर्ने,

(ग) सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट उक्त तहको समिति, निर्वाचन समिति वा विधान बमोजिमका अन्य समितिमा निर्वाचन गर्नुपर्ने पदाधिकारीहरू को निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(घ) मतदान स्थल तथा मतगणना स्थलको सुरक्षा व्यवस्था मिलाउने,

(ङ) उम्मेदवार को अयोग्यता सम्बन्धमा परेको उजुरी उपर निर्णय गर्ने,

(च) निर्वाचन तथा मतदान प्रक्रिया निर्धारण गर्ने,

(छ) निर्वाचन आचारसंहिताको निर्माण र लागू गर्ने ।

(२) उपधारा (१) बमोजिम निर्वाचन समितिको कार्यमा सहयोग गर्नु सम्बन्धित तहको अधिवेशन आयोजक समितिको कर्तव्य हुनेछ ।

(३) निर्वाचन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**३६. मतदाता :-**

(१) केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समन्वय समिति, निर्वाचन क्षेत्र समिति, पालिका समिति र वडा समिति लगायत विधान बमोजिम गठन गर्नुपर्ने अन्य समितिको निर्वाचनका लागि सम्बन्धित

तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधिहरू नै मतदाता कायम हुनेछन्। महाधिवेशन वा अधिवेशन प्रतिनिधिहरू छनौट सम्बन्धी कार्यविधि, प्रतिनिधिहरूको संख्या र निर्वाचन क्षेत्र निर्धारण तोके बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम कायम हुने मतदाताहरू को नामावली तयार गर्ने कार्य निर्वाचन समितिको हुनेछ ।

(३) मतदाता नामावली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. महाधिवेशन तथा अधिवेशनमा प्रतिनिधिको योग्यता :-**

(१) राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ —

(क) राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य हुनुपर्नेछ ।

(२) प्रदेश अधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ—

(क) प्रदेश अधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तिमा पार्टी सदस्य हुनु पर्नेछ ।

(३) जिल्ला समन्वय समितिको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ—

(क) जिल्ला समन्वय समितिको प्रतिनिधि हुनका लागि कम्तीमा पार्टी सदस्य हुनु पर्नेछ ।

(४) स्थानीय तह अधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ —

(क) स्थानीय तह अधिवेशनमा प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य हुनु पर्नेछ ।

(५) वडा अधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ—

(क) वडा अधिवेशनमा प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य हुनु पर्नेछ ।

(६) राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको प्रतिनिधि हुन देहायको अवस्थाको कुनै पनि व्यक्ति अयोग्य हुनेछः—

(क) राष्ट्रिय महाधिवेशनको लागि उपधारा (१), प्रदेश अधिवेशनको लागि उपधारा (२), जिल्ला भेलाको लागि उपधारा (३), गाउँ/नगर अधिवेशनको लागि उपधारा (४) र वडा अधिवेशनको लागि उपधारा (५) बमोजिमको योग्यता पूरा नभएको,

(ख) सम्बन्धित समितिले तोके बमोजिम छनौट भएका प्रतिनिधिहरू बाहेकको सदस्यहरू।

(७) महाधिवेशन वा कुनै पनि अधिवेशनमा प्रतिनिधिको अन्य योग्यता सो तहको निर्वाचन समितिले तोकेबमोजिम हुनेछ।

**३८. राष्ट्रिय महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचन :-**

(१) राष्ट्रिय महाधिवेशन तथा विभिन्न तहको अधिवेशन प्रतिनिधिको चयन मापदण्ड निर्धारण वा निर्वाचन सम्बन्धित तहको निर्वाचन समितिले गर्नेछ ।

(२) राष्ट्रिय महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९. केन्द्रीय तहका उम्मेदवार को योग्यता :-**

(१) केन्द्रीय समिति, निर्वाचन आयोग तथा विधान बमोजिम अन्य केन्द्रीय तहमा रहने समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछ—

(क) केन्द्रीय समितिको अध्यक्ष पदमा उम्मेदवार बन्नका कम्तीमा केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारीको रूपमा एक कार्यकाल काम गरेको हुनु पर्नेछ ।

(ख) केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारीको रूपमा उम्मेदवार बन्नका लागि पार्टीको केन्द्रीय कार्यकारिणी समितिमा कम्तीमा एक कार्यकाल पूरा गरेको वा केन्द्रीय विशेष समितिको प्रमुखको रूपमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ।

(ग) केन्द्रीय कार्यकारिणी समितिको सदस्यको रूपमा उम्मेदवार बन्नका लागि केन्द्रिय समिति, केन्द्रीय विशेष समितिहरू वा संघीय परिषद्को सदस्यको रूपमा एक कार्यकाल पूरा गरेको वा अन्य केन्द्रिय निकाय (विभाग, मोर्चा सहित) वा प्रदेश समितिको कार्यकारिणी समितिको पदाधिकारी रहेको (सो नभएमा संयोजक/सहसंयोजक/इन्चार्ज/सहइन्चार्ज) रहेको हुनु पर्नेछ।

(२) देहायको अवस्थामा कुनै पनि व्यक्ति केन्द्रीय समिति, निर्वाचन समिति तथा अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि अयोग्य हुनेछ ।

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

**४०. केन्द्रीय समितिका पदाधिकारीको निर्वाचन :-**

(१) केन्द्रीय समिति, परिषद्, विशेष समिति, मोर्चा वा विधान बमोजिम अन्य केन्द्रीय तहमा रहने समितिको निर्वाचन प्रत्येक ५ वर्षमा गरिनेछ।

(२) उपधारा (१) बमोजिमको निर्वाचनमा सम्बन्धित अधिवेशन प्रतिनिधिहरू मतदाताको रुपमा रहने छन् ।

(३) उपधारा (२) बमोजिमको मतदाताले निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमको केन्द्रीय समिति, निर्वाचन समिति तथा अन्य केन्द्रीय समितिका पदाधिकारीको निर्वाचन गर्नेछन्।

(४) केन्द्रीय समिति, निर्वाचन समिति तथा विधान बमोजिम अन्य केन्द्रीय तहमा रहने समितिका पदाधिकारीको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. प्रदेश तहका समितिका उम्मेदवार को योग्यता :-**

(१) प्रदेश समिति, विभाग, निर्वाचन समिति तथा विधान बमोजिम प्रदेश तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ—

(क) प्रदेश समितिको पदाधिकारी तथा सदस्यहरूको उम्मेदवार बन्नका लागि सम्बन्धित प्रदेश परिषद्को सदस्य हुनु पर्दछ।

(२) देहायको अवस्थाको कुनै पनि व्यक्ति प्रदेश समिति, निर्वाचन समिति वा विधान बमोजिम प्रदेश तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि अयोग्य हुनेछ—

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

**४२. प्रदेश तहको समितिका पदाधिकारीको निर्वाचन :-**

(१) प्रदेश समिति, निर्वाचन समिति वा विधान बमोजिम अन्य समितिको निर्वाचन प्रत्येक ५ वर्षमा गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचनमा सम्बन्धित प्रदेश परिषद्का सदस्यहरू मतदाताको रूपमा रहनेछन्।

(३) उपधारा (२) बमोजिमको मतदाताले निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमको प्रदेश समिति, तथा अन्य प्रदेश समितिका पदाधिकारीको निर्वाचन गर्नेछन् ।

(३) प्रदेश समिति तथा विधान बमोजिम अन्य प्रदेश तहमा रहने समितिका पदाधिकारीको निर्वाचनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४३. जिल्ला समितिका उम्मेदवारको योग्यता :-**

(१) जिल्ला समिति तथा विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ ।

(क) जिल्ला समितिको सदस्य उम्मेदवार हुनका लागि सम्बन्धित जिल्ला परिषद्को सदस्य पर्नेछ ।

(२) देहायको अवस्थाको कुनै पनि व्यक्ति जिल्ला समिति वा विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि अयोग्य हुनेछ–

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

**४४. जिल्ला समितिका पदाधिकारीको निर्वाचन :-**

(१) जिल्ला समिति, विभाग, निर्वाचन समिति वा विधान बमोजिम अन्य जिल्ला तहमा रहने समितिको निर्वाचन प्रत्येक ३ बर्षमा गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचनमा जिल्ला परिषद्का सदस्यहरू मतदाताको रूपमा रहने छन्।

(३) उपधारा (२) बमोजिमको मतदाताले निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमको जिल्ला समिति र विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिका पदाधिकारीको निर्वाचन गर्नेछन्।

(४) जिल्ला समिति, निर्वाचन समिति तथा विधान बमोजिम अन्य जिल्ला तहमा रहने समितिका पदाधिकारीको निर्वाचनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४५. स्थानीय तहका समितिका उम्मेदवारको योग्यता :-**

(१) निर्वाचन क्षेत्र/पालिका/वडा समिति तथा विधान बमोजिम स्थानीय तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ ।

(क) स्थानीय तह समितिको सदस्य उम्मेदवार हुनका लागि पार्टी सदस्य हुनु पर्नेछ ।

(२) देहायको अवस्थाको कुनै पनि व्यक्ति स्थानीय तह समिति, निर्वाचन समिति वा विधान बमोजिम स्थानीय तह तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि अयोग्य हुनेछ—

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

**४६. निर्वाचन कार्यक्रम :-**

(१) निर्वाचन समितिले निर्वाचन गर्नका लागि निर्वाचनको तथा मतदानको प्रक्रियासहित यस धारामा उल्लेख भएअनुसारका क्रियाकलापहरू सञ्चालन हुने गरी निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ ।

(२) उपधारा (१) बमोजिमको प्रकाशन गरिने निर्वाचन कार्यक्रममा देहायका क्रियाकलापहरू समेटिएको हुनु पर्नेछ—

(क) मतदाता नामावली प्रकाशन र सो उपर दाबी विरोध गर्ने समयावधि,

(ख) अन्तिम मतदाता नामावली प्रकाशन,

(ग) उम्मेदवार मनोनयन,

(घ) मनोनयनपत्र दर्ता गर्ने उम्मेदवार को नामावली प्रकाशन,

(ङ) मनोनयन पत्र दर्ता गर्ने उम्मेदवार को योग्यता सम्बन्धमा दाबी, विरोध,

(च) खण्ड (ङ) बमोजिम परेको दाबी विरोधउपर सुनुवाई र निर्णय,

(छ) उम्मेदवार को अन्तिम नामावली प्रकाशन,

(ज) मतदानको मिति, समय र स्थान,

(झ) मतगणना र मत परिणाम प्रकाशन गरिने मिति, समय र स्थान ।

(३) निर्वाचन कार्यक्रमसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४७. उम्मेदवार मनोनयन :-**

(१) यस परिच्छेदमा सम्बन्धित तहको समितिको पदाधिकारीहरू उम्मेदवार हुन अयोग्यता नभएको तथा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधि निर्वाचनमा तोकिए बमोजिम उम्मेदवार हुन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम उम्मेदवार मनोनयन गर्दा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधिमध्ये एक जना प्रस्तावक र समर्थक हुनु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम कुनै व्यक्तिलाई उम्मेदवार को रूपमा प्रस्ताव गरिएको अवस्थामा त्यस्तो उम्मेदवारले मनोनयन पत्रमा आफ्नो मन्जुरी लेखी सहीछाप गरेको हुनु पर्नेछ ।

(४) उपधारा (२) र (३) बमोजिमको रीत नपु-याई मनोनयन पत्र दाखिला भएको अवस्थामा त्यस्तो उम्मेदवारलाई निर्वाचन समितिले उम्मेदवार को रूपमा मान्यता दिने छैन ।

(५) उपधारा (२) बमोजिम कुनै व्यक्तिलाई उम्मेदवार को रूपमा प्रस्तावक र समर्थन गर्ने व्यक्तिले सोही पदका लागि अन्य व्यक्तिलाई उम्मेदवार को रूपमा प्रस्तावक र समर्थन गर्न पाउने छैन ।

(६) मनोनयन पत्र सम्बन्धित उम्मेदवार वा निजको प्रस्तावक र समर्थकले निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी दर्ता गर्नु पर्नेछ ।

(७) उम्मेदवार मनोयनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. मनोनयन पत्र बदर हुने अवस्था :-**

(१) देहायको अवस्थामा मनोनयन पत्र बदर हुनेछ—

(क) विधान बमोजिम उम्मेदवार को योग्यता नभएमा,

(ख) उम्मेदवार को प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा किर्ते सहीछाप भएमा,

(ग) तोकिएको समयभित्र मनोनयन पत्र दर्ता नभएमा,

(घ) तोकिए बमोजिमको धरौटी दाखिला नभएमा,

(ङ) विधानको धारा ४७ बमोजिम मनोनयन रीतपूर्वकको नभएमा ।

(२) मनोनयन पत्र बदर हुने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. मतदान, मतगणना र मतपरिणाम घोषणा :-**

(१) निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा मतदानको कार्य सम्पन्न हुनेछ ।

(२) उपधारा (१) बमोजिम मतदानको प्रक्रिया निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

(३) मतदान कार्य सम्पन्न भए पश्चात निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा मतगणनाको कार्य हुनेछ ।

(४) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन समितिले मतपरिणाम घोषणा गरी विजयी उम्मेदवार लाई अनुसूची—७ बमोजिमको ढाँचामा विजयी प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) मतदान, मतगणना र मतपरिणाम घोषणा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. पदाधिकारी मनोनयन गर्न सकिने :-**

(१) केन्द्रीय, प्रदेश, जिल्ला, पालिका तथा वडा समितिहरूको बहुमत सदस्यको निर्णयबाट आवश्यकता र औचित्यताको आधारमा कुल सदस्य सङ्ख्याको बढीमा ३३ प्रतिशतसम्म समितिको सदस्य केन्द्रीय समितिको हकमा राष्ट्रिय अध्यक्षद्वारा र अन्य समितिको हकमा सम्बन्धित समितिद्वारा मनोनयन गर्न सकिनेछ ।

(२) मनोनित गर्दा महाधिवेशन वा अधिवेशनबाट विधान बमोजिम एक तिहाई महिला सदस्य निर्वाचित हुन नसकेको अवस्थामा उक्त सङ्ख्या पूरा गर्ने गरी मनोनित गरिनेछ।

(३) सदस्य मनोनयन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१. महाधिवेशन तथा अधिवेशनबाट निर्वाचन हुने :-**

(१) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक केन्द्रीय, प्रदेश तथा स्थानीय तहका समितिको निर्वाचन सम्बन्धित तहको महाधिवेशन तथा अधिवेशनबाट मात्र गरिनेछ ।

(२) विधान बमोजिम सम्बन्धित तहको समितिमा महिलाको संख्या निर्वाचनबाट पूर्ति हुन नसकेमा धारा— ५० बमोजिम मनोनयन हुने संख्याबाट उक्त संख्या पूर्ति गरिनेछ ।

**५२. पदबाट राजीनामा दिन सक्ने :-**

(१) अध्यक्षले सम्बन्धित तहको समिति समक्ष तथा अन्य पदाधिकारीले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् ।

(२) उपधारा (१) बमोजिम दिएको राजीनामा सम्बन्धित तहको समितिको कुल सदस्य सङ्ख्याको बहुमत सदस्य सङ्ख्याको निर्णयबाट स्वीकृत हुनेछ ।

(३) उपधारा (१) बमोजिम आएको राजीनामा उपधारा (२) बमोजिम स्वीकृत भएमा त्यस्तो पदाधिकारीको पद रिक्त हुनेछ ।

(४) अध्यक्षको राजीनामा स्वीकृत भएमा अध्यक्षको निर्वाचन नभएसम्मका लागि उपाध्यक्षले कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्नेछ ।

(५) पदाधिकारीको राजीनामा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५३. अविश्वासको प्रस्ताव :-**

(१) पार्टीको सबै तहको समितिका अध्यक्ष लगायत प्रमुख पदाधिकारी विरुद्ध सम्बन्धित तहका सभा/परिषद्का सदस्यहरूको ५१ प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित तहको निर्वाचन समितिमा दर्ता गराउन सक्नेछन् ।

(२) उपधारा (१) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावका सम्बन्धमा निर्वाचन समितिले तोके बमोजिमको प्रक्रिया पूरा गरी आधिकारिकता जाँच गर्नु पर्नेछ ।

(३) उपधारा (१) बमोजिम पर्न आएको अविश्वासको प्रस्ताव उपधारा (२) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा सम्बन्धित तहको समितिमा साठी दिनभित्र निर्णयार्थ पेश गर्न सम्बन्धित तहको समितिमा पठाउनु पर्नेछ ।

(४) उपधारा (३) बमोजिम निर्वाचन समितिले पठाएको प्रस्ताव सम्बन्धित तहको समितिले साठी दिनभित्र निर्णयार्थ सम्बन्धित तहको सभा/परिषद्मा पेश गर्नु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम निर्वाचन समितिबाट प्राप्त प्रस्ताव उपधारा (४) बमोजिम निर्णयार्थ पेश नभएमा निर्वाचन समितिले उपधारा (४) बमोजिमको अवधि समाप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको सभा/परिषद्को बैठक बोलाई उक्त बैठकमा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

(६) उपधारा (४) वा (५) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्तावको पक्षमा सम्बन्धित तहको सभा/परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाई मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित हुनेछ ।

(७) उपधारा (१) बमोजिम अन्य पदाधिकारी विरुद्ध सम्बन्धित तहका सभा/परिषद्का सदस्यहरूको ५१ प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित तहको निर्वाचन समितिमा दर्ता गराउन सक्नेछन् ।

(८) उपधारा (७) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावका सम्बन्धमा निर्वाचन समितिले उपधारा (२) बमोजिमको प्रक्रिया पूरा गरी आधिकारिकता जाँच गर्नु पर्नेछ ।

(९) उपधारा (७) बमोजिम पर्न आएको अविश्वासको प्रस्ताव उपधारा (८) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा निर्वाचन समितिले सम्बन्धित तहको समितिमा साठी दिनभित्र निर्णयार्थ पेश गर्न सम्बन्धित तहको समितिमा पठाउनु पर्नेछ।

(१०) उपधारा (९) बमोजिम निर्वाचन समितिले पठाएको प्रस्ताव सम्बन्धित तहको समितिले साठी दिनभित्र निर्णयार्थ सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

(११) उपधारा (९) बमोजिम निर्वाचन समितिबाट प्राप्त प्रस्ताव उपधारा (१०) बमोजिम निर्णयार्थ पेश नभएमा निर्वाचन आयोगले उपधारा (१०) बमोजिमको अवधि समाप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको समितिको बैठक बोलाई उक्त बैठकमा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

(१२) उपधारा (१०) र (११) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्तावको पक्षमा सम्बन्धित तहको समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाई मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित हुनेछ ।

(१३) अध्यक्षको विरुद्ध परेका अविश्वासको प्रस्तावमाथि निर्णय गर्न बोलाइएको बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(१४) यस धारा बमोजिम अविश्वासको प्रस्तावउपर निर्णयमा निर्वाचन समितिका पदाधिकारीहरू ले मतदान गर्न पाउने छैनन् ।

(१५) अविश्वासको प्रस्तावसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५४. पदाधिकारीको पद रिक्त हुने :-

देहायको अवस्थामा पार्टीको कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ—

(१) मृत्यु भएमा वा मानसिक सन्तुलन ठिक नरहेमा,

(२) पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(३) पार्टी परित्याग गरेमा,

(४) अनुशासनको कार्वाहीमा परी पदबाट निष्कासित भएमा,

(५) निज विरुद्धको अविश्वास प्रस्ताव पारित भएमा,

## ५५. रिक्त पदपूर्ति :-

(१) अध्यक्ष, प्रमुख पदाधिकारी लगायत अन्य पदाधिकारीको पदावधि एक वर्षभन्दा बढी रहेको अवस्थामा पद रिक्त हुन गएमा त्यस्तो पद यस धारा बमोजिम पूर्ति गरिनेछ ।

(२) अध्यक्ष लगायत प्रमुख पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित तहको निर्वाचन समितिले पद रिक्त भएको मितिले साठी दिनभित्र सम्बन्धित तहको सभा/परिषद्को भेला बोलाई रिक्त पदको पूर्ती गर्नु पर्नेछ ।

(३) उपधारा (१) बमोजिम अध्यक्ष लगायत प्रमुख पदाधिकारी बाहेक अन्य पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित तहको निर्वाचन समितिले पद रिक्त भएको मितिले साठी दिनभित्र सम्बन्धित तहको समितिको बैठक बोलाई रिक्त पदको पूर्ती गर्नु पर्नेछ ।

(४) रिक्त पदपूर्ति गर्दा त्यस्तो पद रिक्त गर्ने पदाधिकारीको निर्वाचन वा मनोनयन जुन विधिद्वारा पूर्ति भएको हो, सोही विधिद्वारा पदपूर्ति गरिनेछ ।

(५) यस धारामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएपनि मनोनित सदस्यको हकमा सम्बन्धित तहको समितिको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमत सदस्यको निर्णयबाट अर्को सदस्य मनोनित गर्न सकिनेछ ।

(६) केन्द्रिय तहदेखि स्थानीय तहसम्म कुनै पद रिक्त भएमा अर्को अधिवेशन नभए सम्मका लागि सो पद पूर्ती केन्द्रिय सचिवालयले आफैं वा सो अधिकार सम्बन्धित समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(७) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—९

## महाधिवेशन तथा अधिवेशनसम्बन्धी व्यवस्था

५६. राष्ट्रिय महाधिवेशन तथा अधिवेशन :-

(१) दलको महाधिवेशन तथा अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) राष्ट्रिय महाधिवेशन,

(ख) प्रदेश अधिवेशन,

(ग) जिल्ला अधिवेशन

(घ) निर्वाचन क्षेत्र अधिवेशन

(ङ) पालिका अधिवेशन,

(च) वडा अधिवेशन

(२) राष्ट्रिय महाधिवेशन दलको सर्वोच्च निकायको रूपमा रहनेछ र तहगत अधिवेशनहरू सम्बन्धित तहको समितिको हकमा माथिल्लो निकायको रूपमा रहने छन् ।

(३) उपधारा (१) को खण्ड (क) बमोजिमको महाधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक पाँच वर्षमा आयोजना गरिनेछ ।

(४) उपधारा (१) को खण्ड (ख) बमोजिमको अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक पाँच वर्षमा सम्पन्न गरिनेछ र यस्तो अधिवेशन उपधारा (३) बमोजिम सम्पन्न हुने महाधिवेशन भन्दा ६ महिना अघि आयोजना गरिनेछ ।

(५) उपधारा (१) को खण्ड (ग), (घ), र (ङ) बमोजिमको अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक दुई वर्षमा आयोजना गरिनेछ ।

(६) यस धारामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएपनि कुनै राष्ट्रिय विपत्ती, महामारी वा विपद्को कारण तोकिएको अवधिभित्रै महाधिवेशन वा अधिवेशन सम्पन्न गर्न नसकिने अवस्था सिर्जना भएमा महाधिवेशनको हकमा पार्टीको केन्द्रीय समिति र अधिवेशनको हकमा सम्बन्धित अधिवेशन आयोजना गर्नुपर्ने दायित्व भएको सम्बन्धित तहको समितिले बढीमा अर्को ६ महिनाभित्र महाधिवेशन वा अधिवेशन आयोजना गर्ने गरी निर्णय गर्न सक्नेछ ।

(७) उपधारा (६) बमोजिम निर्णय भएकोमा महाधिवेशनको हकमा सङ्घीय समितिले निर्वाचन आयोगलाई, प्रदेश अधिवेशनको हकमा प्रदेश समितिले केन्द्रीय समिति र प्रदेश निर्वाचन कार्यालयलाई र स्थानीय तह अधिवेशनको हकमा सम्बन्धित स्थानीय तहको समितिले दलको माथिल्लो तहको समिति र जिल्ला निर्वाचन कार्यालयलाई निर्णय भएको मितिले तीस दिनभित्र जानकारी दिनु पर्नेछ ।

(८) महाधिवेशन तथा अधिवेशनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५७. महाधिवेशन तथा अधिवेशन प्रतिनिधि :-**

(१) दलको राष्ट्रिय महाधिवेशन प्रतिनिधिसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) पार्टीका क्रियाशील सदस्य, समिति तथा भातृसंगठन तथा मोर्चा मध्येबाट महाधिवेशन प्रतिनिधिको संख्या, अनुपात र निर्वाचन प्रकृया तोके बमोजिम हुनेछ।

(ख) राष्ट्रिय महाधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको १०% प्रतिनिधिहरू केन्द्रीय सचिवालयको सिफारिसमा मनोनयन गरिनेछ ।

(ग) महाधिवेशनको पर्यवेक्षकको हकमा केन्द्रीय सचिवालयले तोके बमाजिम हुनेछ। पर्यवेक्षकले उम्मेदवारी दिन र मतदान गर्न पाइने छैन ।

(२) दलको प्रदेश अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) पार्टीका क्रियाशील सदस्य, समिति तथा भातृसंगठन तथा मोर्चा मध्येबाट अधिवेशन प्रतिनिधिको संख्या, अनुपात र निर्वाचन प्रकृया तोके बमोजिम हुनेछ।

(ख) अधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको १०% प्रतिनिधिहरू प्रदेश समितिको सिफारिसमा मनोनयन गरिनेछ ।

(३) दलको जिल्ला अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) पार्टीका क्रियाशील सदस्य, समिति तथा भातृसंगठन तथा मोर्चा मध्येबाट अधिवेशन प्रतिनिधिको संख्या, अनुपात र निर्वाचन प्रकृया तोके बमोजिम हुनेछ।

(ख) अधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको १०% प्रतिनिधिहरू जिल्ला समितिको सिफारिसमा मनोनयन गरिनेछ ।

(४) दलको प्रतिनिधि/प्रदेश निवार्चन क्षेत्र अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) प्रतिनिधि/प्रदेश निवार्चन क्षेत्र अन्तर्गतका प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र समितिका पदाधिकारी तथा सदस्यहरू, पालिका पदाधिकारीहरू तथा वडा समितिका अध्यक्ष र सचिवहरू अधिवेशनको प्रतिनिधि रहनेछ ।

(ख) अधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको १०% प्रतिशत प्रतिनिधिहरू निवार्चन क्षेत्र समितिको सिफारिशमा मनोनयन गरिनेछ ।

(५) दलको पालिका अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) पालिका अधिवेशनमा पालिका समितिका पदाधिकारी तथा सदस्यहरू तथा वडा समितिका पदाधिकारीहरू अधिवेशनको प्रतिनिधि रहनेछ ।

(ख) अधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको १०% प्रतिशत प्रतिनिधिहरू पालिका समितिको सिफारिसमा मनोनयन गरिनेछ ।

(६) दलको वडा अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ—

(क) वडा अधिवेशनमा सो वडाका पार्टीका सम्पूर्ण क्रियाशील सदस्यहरू वडा अधिवेशनको प्रतिनिधि हुनेछन्।

(६) महाधिवेशन तथा अधिवेशन प्रतिनिधि सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

**५८. विशेष महाधिवेशन तथा अधिवेशन :-**

(१) दलको विशेष राष्ट्रिय महाधिवेशन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्–

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी महाधिवेशन प्रतिनिधिको बहुमत सदस्यले लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र केन्द्रीय समितिले विशेष महाधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष राष्ट्रिय महाधिवेशनको विधि र प्रक्रिया महाधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(२) दलको विशेष प्रदेश अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्–

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी प्रदेश अधिवेशन प्रतिनिधिको बहुमतद्वारा निर्णय गरी लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र प्रदेश समितिले विशेष प्रदेश अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष प्रदेश अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(३) दलको विशेष जिल्ला अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्–

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी जिल्ला अधिवेशन प्रतिनिधिको बहुमतद्वारा निर्णय गरी लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र जिल्ला समितिले विशेष जिल्ला अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष जिल्ला अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(४) दलको विशेष प्रतिनिधि/प्रदेश निवार्चन क्षेत्र अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्–

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी प्रतिनिधि/प्रदेश निवार्चन क्षेत्र अधिवेशन प्रतिनिधिको बहुमतद्वारा लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र स्थानीय तह समितिले विशेष प्रतिनिधि/प्रदेश निवार्चन क्षेत्र अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष प्रतिनिधि/प्रदेश निवार्चन क्षेत्र अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ।

(५) दलको विशेष पालिका अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्–

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी पालिका अधिवेशन प्रतिनिधिको बहुमतद्वारा लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र स्थानीय तह समितिले विशेष पालिका अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष पालिका अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ।

(६) दलको विशेष वडा अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्–

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी सम्बन्धित वडा अधिवेशन प्रतिनिधिको बहुमतद्वारा लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र वडा समितिले विशेष वडा अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष वडा अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(७) दलको विशेष अधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५९. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको काम, कर्तव्य र अधिकार :-**

(१) राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्–

(क) राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न आवश्यक विभिन्न संयन्त्र तथा आवश्यक समितिहरू गठन गर्ने,

(ख) केन्द्रीय समितिको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) केन्द्रीय सल्लाहकार समिति, निर्वाचन समिति, अनुशासन समिति र लेखा समिति लगायत अन्य समितिहरूले पेश गरेका प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(घ) विधान बमोजिमको केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू, केन्द्रीय निकायका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

(ङ) पार्टीको आवश्यकताअनुसार विधान संशोधन गर्ने,

(च) महाधिवेशनले गर्नुपर्ने कार्य केन्द्रीय समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने।

(२) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्—

(क) प्रदेश अधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र तथा आवश्यक समितिहरू गठन गर्ने,

(ख) प्रदेश समितिको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) प्रदेश सल्लाहकार समिति, प्रदेश निर्वाचन समिति, प्रदेश अनुशासन समिति र प्रदेश लेखा समिति लगायत अन्य समितिहरूले पेश गरेका प्रतिवेदन पारित गर्ने,

(घ) विधान बमोजिमको प्रदेश समितिका पदाधिकारी र सदस्यहरू तथा प्रादेशिक निकायहरूको निर्वाचन गर्ने ।

(ङ) पार्टीको प्रदेशस्तरीय नीति तथा कार्यक्रम पारित गर्ने,

(च) प्रदेश अधिवेशनले गर्नुपर्ने कुनै कार्य प्रदेश समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

(३) जिल्ला अधिवेशन/भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्—

(क) जिल्ला अधिवेशन/भेलाको सञ्चालन गर्न आवश्यक संयन्त्र तथा आवश्यक समितिहरू गठन गर्ने,

(ख) जिल्ला समन्वय समितिको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) विधान बमोजिमको जिल्ला समितिका पदाधिकारी र सदस्यहरू तथा जिल्ला निकायहरूको निर्वाचन गर्ने ।

(घ) पार्टीको जिल्लास्तरीय नीति तथा कार्यक्रम पारित गर्ने,

(ङ) जिल्ला अधिवेशनले गर्नुपर्ने कुनै कार्य जिल्ला समन्वय समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

(४) प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र अधिवेशन/भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्—

(क) प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र अधिवेशन/भेलाको सञ्चालन गर्न आवश्यक संयन्त्र तथा आवश्यक समितिहरू गठन गर्ने,

(ख) प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र समितिहरूको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) विधान बमोजिमको प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र समितिका पदाधिकारी र सदस्यहरू तथा प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र निकायहरूको निर्वाचन गर्ने ।

(घ) पार्टीको प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र नीति तथा कार्यक्रम पारित गर्ने,

(ङ) प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र अधिवेशनले गर्नुपर्ने कुनै कार्य प्रतिनिधि/प्रदेश निर्वाचन क्षेत्र समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

(५) पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्–

(क) पालिका अधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र तथा आवश्यक समितिहरू गठन गर्ने,

(ख) पालिका स्तरीय समितिहरूको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक सहितका प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) विधान बमोजिमका पालिका समितिका पदाधिकारी र सदस्यहरू तथा पालिका निकायहरू को निर्वाचन गर्ने,

(घ) पार्टीको पालिका स्तरीय नीति तथा कार्यक्रम पारित गर्ने,

(ङ) स्थानीय तह अधिवेशनले गर्नुपर्ने कुनै कार्य स्थानीय तह समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

(६) वडा अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्–

(क) वडा अधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र तथा आवश्यक समितिहरू गठन गर्ने,

(ख) वडा स्तरीय समितिहरूको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक सहितका प्रतिवेदनहरू छलफल गरी पारित गर्ने,

(घ) विधान बमोजिमको वडा समितिका पदाधिकारी र सदस्यहरू तथा वडा निकायहरूको निर्वाचन गर्ने,

(ङ) पार्टीको वडास्तरीय नीति तथा कार्यक्रम पारित गर्ने,

(च) वडा अधिवेशनले गर्नुपर्ने कुनै कार्य वडा समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

(७) दलको अन्य अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) अधिवेशन सञ्चालन गर्नका लागि आवश्यक विभिन्न संयन्त्र तथा समितिहरूको गठन गर्ने

(ख) अधिवेशनमा सम्बन्धित समिति तथा विधान बमोजिमका निकायबाट प्रस्तुत प्रतिवेदन उपर छलफल तथा आगामी मार्गचित्र तयार गर्ने,

(ग) दलको सम्बन्धित समितिको नीति, कार्यक्रम तथा बजेटमाथि छलफल र स्वीकृत गर्ने,

(घ) दलको सम्बन्धित समिति तथा विधान बमोजिमका निकायहरूको निर्वाचन गर्ने,

(ङ) अधिवेशनले गर्नु पर्ने कुनै कार्य दलको सम्बन्धित समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

(७) महाधिवेशन तथा अधिवेशनको काम, कर्त्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

**६०. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको घोषणा :-**

(१) राष्ट्रिय महाधिवेशन सम्पन्न गरिने मिति, स्थान र समय तोकी महाधिवेशनको घोषणा केन्द्रीय समितिले गर्नेछ ।

(२) प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका, वडा अधिवेशन सम्पन्न गरिने मिति, स्थान र समय तोकी अधिवेशनको घोषणा सम्बन्धित तहको समितिले गर्नेछ ।

(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए पनि विधान बमोजिम अधिवेशन गर्नुपर्ने अवधिमा सम्बन्धित तहको समितिले अधिवेशन आह्वान नगरे वा गराउन नसकेमा निकटतम माथिल्लो तहको समितिले त्यस्तो अधिवेशन गर्ने मिति, स्थान र समय तोकी अधिवेशन आह्वान गर्नु पर्नेछ ।

(४) उपधारा (१), (२) र (३) बमोजिम महाधिवेशन तथा अधिवेशनको घोषणा भएपछि सम्बन्धित तहको समिति स्वतः महाधिवेशन तथा अधिवेशन आयोजक समितिमा रुपान्तरण हुनेछ ।

(५) उपधारा (४) बमोजिमको महाधिवेशन तथा अधिवेशन आयोजक समितिले यस विधानमा उल्लेख भएको तथा यस विधान बमोजिम तोकिए बमोजिमको प्रक्रिया पूरा गरी महाधिवेशन वा अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

(६) महाधिवेशन तथा अधिवेशन घोषणा तथा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**६१. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको निर्णय प्रमाणिकरण :-**

(१) राष्ट्रिय महाधिवेशनको निर्णय प्रमाणिकरणको लागि महाधिवेशन आयोजक समितिले महाधिवेशन प्रतिनिधिहरू मध्येबाट कम्तिमा एक तिहाई महिलासहित ३ जना सदस्य रहेको निर्णय प्रमाणिकरण समिति गठन गरिनेछ ।

(२) अधिवेशनको निर्णय प्रमाणिकरणका लागि सम्बन्धित तहको अधिवेशन आयोजक समितिले अधिवेशन प्रतिनिधिहरू मध्येबाट एक तिहाई महिला सहित तीन जना सदस्य रहेको निर्णय प्रमाणिकरण समिति गठन गर्नु पर्नेछ ।

(३) यस धारा बमोजिम गठन भएको निर्णय प्रमाणिकरण समितिबाट निर्णय प्रमाणिकरण भएपछि मात्र निर्णयले आधिकारिकता पाउने र कार्यान्वयनमा आउनेछ ।

(४) निर्णय प्रमाणिकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—१०

## विभिन्न तहका सभा/परिषद्, समिति, विभाग तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**६२. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :-**

(१) केन्द्रीय कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ—

(क) राष्ट्रिय महाधिवेशन र संघीय परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

(ग) संघीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालन गर्ने । संघीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा नेतृत्व प्रदान गर्ने ।

(घ) विधानमा निर्धारण गरिए बमोजिम समिति, आयोग, विभाग, मोर्चा तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने । पार्टीका समिति, आयोग, विभाग, मोर्चा, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

(ङ) पार्टीको केन्द्रीय स्तरका समिति, विभाग, आयोग, मोर्चा तथा संयन्त्रका प्रमुख, पदाधिकारी र सदस्यको नियुक्ति मनोनयन तथा हेरफेर गर्ने तर विधानमा यस्ता नियुक्ति मनोनयन तथा हेरफेर पार्टीको अन्य निकाय वा समितिलाई भए सो निकाय वा समितिले नै त्यस्तो नियुक्ति मनोनयनको हेरफेर गर्नेछ ।

(च) आवश्यकताअनुसार केन्द्रीय समितिका सदस्यहरूको कार्य विभाजन गर्ने तथा आवश्यकता अनुसार पार्टी संयन्त्रहरू थपघट वा विस्तार गरी संयन्त्रहरूको कार्य विभाजन गर्ने।

(छ) विधान बमोजिम राष्ट्रिय महाधिवेशन आयोजना गर्ने ।

(ज) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(झ) पार्टी कार्यालयलाई पार्टीको प्रशासनिक एवं दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) यस विधानमा केन्द्रीय समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने। विधान कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने, नियमावली बनाउने ।

(ट) निर्णय गरी आवश्यकता अनुसार राष्ट्रिय समितिहरू बनाउने

(ठ) पार्टीका अन्य संयन्त्र वा निकायको अधिकार भनी नतोकिएको र प्रचलित कानुनमा पार्टीले गर्ने भनी तोकिएका सबै काम गर्ने ।

(२) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ—

(क) राष्ट्रिय महाधिवेशन र संघीय परिषद्को निर्णयहरू कार्यान्वयन गर्न योजना वनाउने,

(ख) महाधिवेशनको बैठकका लागि आवश्यक वैचारिक, राजनीतिक, आर्थिक तथा अन्य आवश्यक दस्तावेजहरू तयार गर्ने।

(ग) तोकिए बमोजिम विशेष समिति, मोर्चा, विभाग र आवश्यक संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने र तिनीहरूको काम, कर्तव्य र अधिकार तोक्ने। पार्टीसँग आवद्ध भातृ-सङ्गठनहरूको कार्यहरूको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने।

(घ) आवश्यक विषयमा पार्टीको दृष्टिकोण र नीति तय गर्ने।

(ङ) आवश्यक नियम-विनियम बनाउने

(च) तोकिए बमोजिम अन्य कामहरू गर्ने।

(३) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६३. संघीय परिषद्को गठन, काम, कर्तव्य र अधिकार :-**

(१) संघीय परिषद्मा तपसिल बमोजिमका सदस्यहरू हुनेछन्

(क) प्रतिनिधि सभा निर्वाचन क्षेत्र अधिवेशनबाट निर्वाचित अध्यक्ष र सो क्षेत्रको ईन्चार्ज

(ख) महिलाको एक तिहाई प्रतिनिधित्व हुने गरी केन्द्रीय सचिवालयबाट मनोनित सदस्यहरू

(२) संघीय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) संघीय संसदको निर्वाचनमा विजय हासिल गर्न आवश्यक रणनीतिक अध्ययनहरू गरेर सोको प्रतिवेदन केन्द्रिय सचिवालयलाई बुझाउने

(ख) विधान संशोधन, नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित समितिलाई कार्यान्वयनका लागि निर्देशन दिने

(ग) विभिन्न तहमा पार्टी प्रवेश गराउन तथा विवाद निरुपन गर्न सक्रिय भूमिका खेल्ने

(घ) निर्वाचनको लागि आवश्यक तैयारी गर्ने, विभिन्न तहमा पार्टी कार्यालय संचालन गर्न भूमिका खेल्ने

(ङ) अन्य पार्टी र समूहसँग समन्वयकारी भूमिका निर्वाह गर्ने

(३) संघीय परिषद्को गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६४. केन्द्रीय विभागको काम, कर्तव्य र अधिकार :-**

(१) केन्द्रीय तहमा रहने विभिन्न विबावहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पार्टीको नीति, रणनीति र कार्यदिशा निर्माणमा सुझाव, सल्लाह र अध्ययनका आधारमा योगदान दिने ।

(ख) सम्बन्धित विषयमा अनुसन्धान, तथ्याङ्क सङ्कलन, अध्ययन—विश्लेषण गरी पार्टीका निर्णय र नीति निर्माण प्रक्रियालाई सुदृढ बनाउने ।

(ग) सम्बन्धित विषय वा क्षेत्रको नीतिगत सुधार र विकासका लागि व्यावहारिक सिफारिसहरू तयार गरी सङ्घीइ समितिमा पेस गर्ने ।

(घ) पार्टीका विभिन्न तहबीच नीति, कार्यक्रम र सन्देशको प्रभावकारी सञ्जाल निर्माण गर्न समन्वय, सूचना आदान—प्रदान र परामर्श गर्ने ।

(ङ) विभागीय सदस्य र सरोकारवालाहरू बीच सहकार्य, साझेदारी र सहमति निर्माण गरी साझा लक्ष्य प्राप्तिमा योगदान गर्ने ।

(च) सरोकारवाला निकायहरू (सरकार, निजी क्षेत्र, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू आदि) सँग विषयगत समन्वय गर्ने ।

(छ) पार्टीका दीर्घकालीन रणनीति तथा अभियानहरू मा विभागीय विशेषज्ञता प्रदान गर्ने ।

(ज) पार्टीका विचार, दृष्टिकोण, नीति र कार्यक्रमलाई व्यवहारमा उतार्न विभागीय जिम्मेवारी अनुसार सक्रिय भूमिका निर्वाह गर्ने ।

(झ) पार्टीको महाधिवेशन, अधिवेशन, केन्द्रीय समिति र सम्बन्धित समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**६५. केन्द्रीय तहमा रहने अन्य समितिको काम, कर्तव्य र अधिकार :-**

केन्द्रीय तहमा रहने अन्य समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६६. प्रदेश समितिको काम, कर्तव्य र अधिकार :-**

(१) प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) प्रदेश तहमा पार्टी गतिविधिको नेतृत्व गर्ने ।

(ख) राष्ट्रिय महाधिवेशन, संघीय परिषद्, केन्द्रीय समिति, सचिवालय र प्रदेश अधिवेशनले गरेका निर्णयहरू र निर्देशन कार्यान्वयन गर्ने, राजनीतिक र संगठनात्मक विषयमा निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग)प्रदेश अधिवेशन र प्रदेश समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने । कार्यान्वयन भए, नभएको अनुगमन गर्ने र मातहतका समितिहरू लाई कार्यान्वयनका लागि परिपत्र जारी गर्ने।

(घ) प्रदेशभित्रका जिल्ला र विशेष संरचना समितिहरू लाई परिचालन गर्ने ।

(ङ)जिल्ला समितिहरू बाट प्राप्त संगठित सदस्यहरूको सदस्यताको सिफारिसका आधारमा क्रियाशील सदस्यसम्बन्धी निर्णय गर्ने र आवश्यकता परे मातहत समितिको क्रियाशील सदस्यता प्रदान गर्ने सिफारिस अध्ययन गरी निर्णय लिने ।

(च) पार्टीको लक्ष्य, उद्देश्य र मुद्दाहरूमा आधारित भई जनपरिचालन र शान्तिपूर्ण आन्दोलनका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(छ) प्रदेश सल्लाहकार समिति तथा विभागहरू गठन गर्ने, आवश्यकता अनुसार प्रशिक्षण, अन्तरक्रिया आदि सञ्चालन गर्ने ।

(ज) पार्टी आचारसंहिताको पालना गराउने ।

(झ) मातहतका समितिलाई सचेत गराउने ।

(ञ) अनुशासनको उल्लङ्घन भएको पाइएमा कार्वाही गर्ने ।

(ट)कुनै कारणले पदरिक्त भएमा बाँकी कार्यकालका लागि विधान बमोजिम पदपूर्ति गर्ने ।

(२) प्रदेश समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६७. प्रदेश परिषद्को गठन, काम, कर्तव्य र अधिकार :-**

(१) प्रदेश परिषद्मा तपसिल बमोजिमका सदस्यहरू हुनेछन्

(क) प्रदेश सभा निर्वाचन क्षेत्र अधिवेशनबाट निर्वाचित अध्यक्ष र सो क्षेत्रको ईन्चार्ज

(ख) महिलाको एक तिहाई प्रतिनिधित्व हुने गरी प्रदेश सचिवालयबाट मनोनित सदस्यहरू

(२) प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ —

(क)प्रदेश सभाको निर्वाचनमा विजय हासिल गर्न आवश्यक रणनीतिक अध्ययनहरू गरेर सोको प्रतिवेदन प्रदेश समितिलाई बुझाउने

(ख)विधान संशोधन, नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित समितिलाई कार्यान्वयनका लागि निर्देशन दिने

(ग) विभिन्न तहमा पार्टी प्रवेश गराउन तथा विवाद निरुपन गर्न सक्रिय भूमिका खेल्ने

(घ) निर्वाचनको लागि आवश्यक तैयारी गर्ने, विभिन्न तहमा पार्टी कार्यालय संचालन गर्न भूमिका खेल्ने

(ङ) अन्य पार्टी र समूहसँग समन्वयकारी भूमिका निर्वाह गर्ने

(३) प्रदेश परिषद्‌को गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६८. प्रदेश तहमा रहने अन्य समितिको काम, कर्तव्य र अधिकार :-**

प्रदेश तहमा रहने अन्य समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६९. जिल्ला समितिको काम, कर्तव्य र अधिकार :-**

(१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) जिल्लाभित्रका स्थानीय तह समितिबीच आवश्यकता अनुसार पुलको रूपमा समन्वय र सहजिकरण गर्ने ।

(ख) जिल्ला समन्वय समितिका पदाधिकारी, सचिवालय र सदस्यहरूको कार्य विभाजन गर्ने ।

(ग) विधान अनुरुप नियमित बैठकको आयोजना गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने र मातहतको समितिहरू लाई परिपत्र जारी गर्ने तथा माथिल्लो समितिका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(घ) मातहतका समितिहरू को अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

(ङ) जिल्लाभित्रका अन्य राजनीतिक संगठन र संघसंस्थासँग आवश्यक समन्वय, सहकार्य गर्ने ।

(च) दलको घोषणापत्र, उद्देश्य, नीति तथा कार्यक्रमको प्रचारप्रसार गर्ने, त्यसका लागि अन्तरक्रिया, प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।

(छ) माथिल्लो समितिको निर्णय, निर्देशन अनुसार तोकिएको सबै काम गर्ने ।

(२) जिल्ला समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७०. जिल्ला परिषद्‌को काम, कर्तव्य र अधिकार :-**

(१) जिल्ला परिषद्‌मा तपसिल बमोजिमका सदस्यहरू हुनेछन्

(क) जिल्लाका निर्वाचन क्षेत्र समितिका अध्यक्षहरू, पालिका समितिका अध्यक्ष र उपाध्यक्ष तथा वडाका अध्यक्षहरू पदेन सदस्यहरु हुनेछन्।

(ख) महिलाको एक तिहाई प्रतिनिधित्व हुने गरी जिल्ला समितिले सदस्यहरू मनोनित गर्न सक्नेछ।

(२) जिल्ला परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पार्टीको नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित समितिलाई कार्यान्वयनका लागि निर्देशन दिने।

(ख) जिल्ला स्तरीय कार्यक्रम, आमसभा तथा आन्दोलनहरूको लागि एजेण्डा बनाउने, तैयारी गर्ने र जनपरिचालन गर्ने ।

(३) जिल्ला परिषद्को गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७१. पालिका समितिको काम, कर्तव्य र अधिकार :-**

(१) पालिका समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पालिकाभित्र पार्टीको नेतृत्व गर्ने ।

(ख) पालिका समितिको पदाधिकारी सहितको सचिवालय गठन गर्ने ।

(ग) पार्टीको नीति, निर्णय अनुसार पालिका स्तरमा आवश्यकता अनुसार राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने ।

(घ) माथिल्लो समितिबाट जारी भएका र पालिका समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने ।

(ङ) प्रारम्भिक तथा संगठित सदस्यता वितरण गर्ने, नवीकरणका लागि माथिल्लो समितिमा पठाउने ।

(च) पालिका अन्तर्गतका वडा समितिहरू लाई आवश्यक निर्देशन, समन्वय गर्ने ।

(छ) पार्टीको तर्फबाट निर्वाचित जनप्रतिधिहरू सँग आवश्यक समन्वय गर्ने, विकास निर्माणका कार्यमा सहयोग पुर्याउने ।

(ज) आवश्यकताअनुसार विभिन्न समिति, उपसमितिहरू गठन गर्ने ।

(झ) निर्वाचनको समयमा निर्वाचन तथा मतदातासँग सम्बन्धित आवश्यक परिचालन र व्यवस्थापन गर्ने ।

(ञ) आवश्यकता अनुसार पालिका सल्लाहकार समिति, विभाग, संयन्त्र र कार्यदल गठन गरी तिनको कर्तव्य र अधिकार तोकी परिचालन गर्ने ।

(ट) पार्टी अनुशासनको पालना नगर्ने मातहत समितिको विघटन, पुनर्गठन र माथिल्लो समितिमा जानकारी गराउने ।

(ठ) समिति मातहतका पदाधिकारी र सदस्यहरू लाई अनुशासनको कार्वाही गर्ने, सचेत गराउने, उजुरीमाथि निर्णय लिने ।

(ड) विधान बमोजिम अन्य आवश्यक कार्य गर्ने ।

(२) पालिका समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७२. पालिका परिषद्/सभाको गठन, काम, कर्तव्य र अधिकार :-**

(१) पालिका परिषद्मा तपसिल बमोजिमका सदस्यहरू हुनेछन्

(क) पालिका भित्रका वडाका पदाधिकारीहरू पदेन सदस्यहरु हुनेछन्।

(ख) महिलाको एक तिहाई प्रतिनिधित्व हुने गरी पालिका समितिले सदस्यहरू मनोनित गर्न सक्नेछ। जिल्ला समितिले समेत थप सदस्यहरू मनोनित गर्न सक्नेछ।

(२) पालिका (गाउँ/नगर) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पालिका परिषद्मा पार्टीको नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित समितिलाई कार्यान्वयनका लागि निर्देशन दिनेछ ।

(ख) पालिका स्तरीय कार्यक्रम, आमसभा तथा आन्दोलनहरूको लागि एजेण्डा बनाउने, तैयारी गर्ने र जनपरिचालन गर्ने ।

(ग)पालिकाको निर्वाचनमा विजय हासिल गर्न आवश्यक रणनीतिक अध्ययनहरू गरेर सोको प्रतिवेदन पालिका समितिलाई बुझाउने

(घ) निर्वाचनको लागि आवश्यक तैयारी गर्ने, विभिन्न तहमा पार्टी कार्यालय संचालन गर्न भूमिका खेल्ने

(३) पालिका परिषद्को गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७३. संसदीय दलको काम, कर्तव्य र अधिकार :-**

(१) संसदीय दलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ—

(क) संसदीय दलमा प्रतिनिधि / प्रदेश सभाका सदस्यहरूमध्येबाट राष्ट्रिय अध्यक्षले संसदीय दलको नेताको चयन गर्नेछन् ।

(ख) संसदीय दलको काम, कर्तव्य र कार्य सञ्चालन केन्द्रीय समितिद्वारा स्वीकृत संसदीय दलको विधानअनुसार हुनेछ ।

(ग) संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टी केन्द्रीय समितिबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ ।

(ङ) संसदीय दल पार्टीप्रति उत्तरदायी हुनेछन्। पार्टीको नीति, घोषणापत्र र निर्णयहरूको पालना गर्नु दलका सदस्यहरूको कर्तव्य हुनेछ ।

(२) संसदीय दलको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७४. केन्द्रीय समितिको पदाधिकारीहरूको काम कर्तव्य र अधिकारः**

(१) अध्यक्षको अधिकार र कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) समग्र पार्टीको नेतृत्व गर्ने,

(ख) राजनीतिक तथा वैचारिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने,

(ग) पार्टीलाई पूर्ण रुपमा रेखदेख, नियन्त्रण र आवश्यक निर्देशन दिने,

(घ) महाधिवेशन र केन्द्रीय समितिको निर्णयहरू कार्यान्वयन गराउने,

(ङ) राष्ट्रिय महाविधेशन, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र सचिवालय बैठकको अध्यक्षता गर्नुका साथै बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) राष्ट्रिय महाधिवेशन, संघीय परिषद्, केन्द्रीय समिति र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(छ) पार्टीको हितको लागि अन्य कार्यहरू गर्ने ।

(२) उपाध्यक्षको अधिकार र कर्तव्य,

(क) अध्यक्षको काममा आवश्यकता अनुसार सहयोग पु-याउने,

(ख) अध्यक्ष अनुपस्थितिमा अध्यक्षले तोकेको उपाध्यक्षले अध्यक्षको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(ग) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, संघीय परिषद्, केन्द्रीय समिति र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

(३) महासचिवको अधिकार र कर्तव्य,

(क) राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र विशेष महाधिवेशनबाट पारित नीति—निर्णयहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गरी सचिवालय बैठकमा प्रस्तुत गर्ने,

(ख) अध्यक्षको निर्देशनमा केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र सचिवालयको बैठक बोलाउने,

(ग) केन्द्रीय महाधिवेशन, केन्द्रीय समितिको बैठकमा सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) केन्द्रीय समिति, सचिवालयको बैठक सञ्चालन गर्ने र निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) समसामयिक सरोकारको विषयमा तत्काल धारणा सार्वजनिक गर्नु पर्ने भएमा अध्यक्ष र विज्ञ परिषद्सँग परामर्श गरी धारणा सार्वजनिक गर्ने,

(च) राष्ट्रिय महाधिवेशन, संघीय परिषद्, केन्द्रीय समिति र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(४) उपमहासचिवको अधिकार र कर्तव्य,

(क) महासचिवको काममा सहयोग पु-याउने,

(ख) महासचिवको अनुपस्थितिमा का.वा. महासचिवको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(ग) महासचिवले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, संघीय परिषद्, केन्द्रीय समिति र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(५) सचिवको अधिकार र कर्तव्य,

(क) महासचिव र उपमहासचिवको काममा आवश्यकता अनुसार सहयोग पु-याउने,

(ख) महासचिव र उपमहासचिवको अनुपस्थितिमा निजहरूले गर्ने सबै काम गर्ने,

(ग) महासचिवले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, संघीय परिषद्, केन्द्रीय समिति र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(७) कोषाध्यक्षको अधिकार र कर्तव्य,

(क) केन्द्रिय कोषको संरक्षण र संवर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने,

(ख) केन्द्रिय कोषको व्यवस्थापनको योजना बनाउने र त्यसलाई केन्द्रिय समितिबाट पारित गराई लागु गर्ने,

(ग) पार्टी कोषको सञ्चालन गर्ने,

(घ) आय स्रोतहरूको सङ्कलन, परिचालन र विस्तारका साथै केन्द्रिय सचिवालयले तोके बमोजिमको बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(ङ) नियमानुसार लेखा परीक्षण गराउने,

(च) राष्ट्रिय महाधिवेशन, संघीय परिषद्,, केन्द्रीय समिति र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(८) केन्द्रीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७५. संघीय परिषद्का पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

(१) संघीय परिषद्को अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संघीय परिषद्को नेत्तृत्वदायी भूमिका निर्वाह गर्ने

(ख) संघीय निर्वाचनमा दललाई विजयी गराउन भूमिका निर्वाह गर्ने

(ग) राष्ट्रिय महाधिवेशन, संघीय परिषद् र केन्द्रीय समिति तोकेको अन्य कार्यहरू गर्ने ।

(२) संघीय परिषद्को अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार तोकिएको बमोजिम हुनेछ।

(३) संघीय परिषद्को पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७६.केन्द्रीय तहमा रहने विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

केन्द्रीय तहमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार तोके बमोजिम हुनेछ ।

**७७. केन्द्रीय तहमा रहने अन्य समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकारः**

केन्द्रीय तहमा रहने अन्य समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार तोके बमोजिम हुनेछ।

**७८. प्रदेश समितिका पदाधिकारीको कर्तव्य र अधिकारः**

(१) अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ—

(क) प्रदेश तहमा पार्टीको प्रमुख भई काम गर्ने,

(ख) माथिल्लो समिति, प्रदेश अधिवेशन, प्रदेश परिषद् र प्रदेश समिति बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(ग) प्रदेश समिति र प्रदेश सचिवालय समितिको बैठकको अध्यक्षता गर्ने, समितिको बैठक बोलाउन निर्देशन दिने,

(घ) सम्बन्धित समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(२) उपाध्यक्षको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको काममा आवश्यक सहयोग पु-याउने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,

(ग) प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(३) सचिवको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) पार्टीको माथिल्लो समिति, प्रदेश अधिवेशन, प्रदेश परिषद् र प्रदेश समितिको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने,

(ख) प्रदेश समितिको कार्यालय सञ्चालन गर्ने,

(ग) प्रदेशको क्षेत्राधिकारभित्रको संगठनात्मक कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने,

(घ) प्रदेश समितिको बैठक सञ्चालन गर्ने,

(ङ) प्रदेश समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(४) उपसचिवको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) सचिवको काममा आवश्यक सहयोग पु-याउने,

(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,

(ग) प्रदेश समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(५) कोषाध्यक्षको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) प्रदेश समितिको आर्थिक कोषको संरक्षण, सम्वर्द्धन र आय—व्ययको अभिलेख राख्ने,

(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, आय—व्ययलाई वार्षिक रूपमा प्रदेश समितिबाट पास गराउने,

(ग) आय स्रोतको सङ्कलन, परिचालन गर्नुका साथै प्रदेश समितिको निर्णय अनुसार बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(घ) वार्षिक रुपमा लेखापरीक्षण कार्य सम्पन्न गर्ने,

(ङ) प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(६) प्रदेश समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७९. प्रदेश परिषद् पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

(१) प्रदेश परिषद्का अध्यक्ष तथा पदाधिकारीहरू प्रदेश समितिका पदाधिकारीहरू नै हुने भएकोले सोही अनुसारको काम र कर्तव्य हुनेछ ।

(२) प्रदेश परिषद्का पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८०. जिल्ला समितिका पदाधिकारी तथा सदस्यको कर्तव्य र अधिकारः**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जिल्लामा पार्टीको प्रमुख भई काम गर्ने,

(ख) माथिल्लो समिति, जिल्ला परिषद् र जिल्ला समितिको बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(ग) जिल्ला समितिको बैठकको अध्यक्षता गर्ने, समितिको बैठक बोलाउन निर्देशन दिने,

(घ) जिल्ला समिति र जिल्ला परिषद्मा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) जिल्ला परिषद्, जिल्ला समिति र माथिल्लो समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको काममा आवश्यक सहयोग पु-याउने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,

(ग) जिल्ला समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पार्टीको माथिल्लो समिति, जिल्ला परिषद् तथा जिल्ला समितिको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने, जिल्ला समिति समक्ष प्रस्तुत गर्ने,

(ख) जिल्ला समितिको कार्यालय सञ्चालन गर्ने,

(ग) जिल्लाको क्षेत्राधिकारभित्रको संगठनात्मक कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने,

(घ) जिल्ला परिषद् र समितिको बैठकमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) जिल्ला समिति र सचिवालयको बैठक सञ्चालन गर्ने,

(च) जिल्ला समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(४) उपसचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सचिवको काममा आवश्यक सहयोग पु-याउने,

(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,

(ग) जिल्ला समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आर्थिक कोषको संरक्षण, सम्वर्द्धन र आय—व्ययको अभिलेख राख्ने,

(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, आय—व्ययलाई वार्षिक रुपमा जिल्लाको बैठकबाट पास गराउने,

(ग) आयस्रोतको सङ्कलन, परिचालन गर्नुका साथै जिल्ला समन्वय समितिको निर्णय अनुसार बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(घ) वार्षिक रूपमा कोषको लेखापरीक्षण कार्य सम्पन्न गर्ने,

(ङ) जिल्ला समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(६) जिल्ला समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८१. जिल्ला परिषद्का पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

(१) जिल्ला परिषद्का अध्यक्ष तथा पदाधिकारीहरू जिल्ला समितिका पदाधिकारीहरू नै हुने भएकोले सोही अनुसारको काम र कर्तव्य हुनेछ ।

(२) जिल्ला सभाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८२. गाउँ/नगर पालिका समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँ/नगर पालिका स्तरमा पार्टीको प्रमुख भई काम गर्ने,

(ख) माथिल्लो समिति र गाउँ/नगर पालिका समितिको बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(ग) गाउँ/नगर पालिका समितिको बैठकको अध्यक्षता गर्ने, समितिको बैठक बोलाउन निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने,

(घ) गाउँ/नगर पालिका समिति र गाउँ/नगर पालिका अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) गाउँ/नगर पालिका समिति र माथिल्लो समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(२) उपाध्यक्षको काम र कर्तव्य,

(क) अध्यक्षको काममा आवश्यक सहयोग पु-याउने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,

(ग) गाउँ/नगर पालिका समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(३) सचिवको काम र कर्तव्य,

(क) पार्टीको माथिल्लो समिति र गाउँ/नगर पालिका समितिको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तैयार गर्ने, गाउँ/नगर पालिका समिति समक्ष प्रस्तुत गर्ने,

(ख) गाउँ/नगर पालिका समितिको कार्यालय सञ्चालन गर्ने,

(ग) गाउँ/नगर पालिका समितिको क्षेत्राधिकारभित्रको संगठनात्मक कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने,

(घ) गाउँ/नगर पालिका समितिको अधिवेशन र बैठकमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) गाउँ/नगर पालिका समिति र सचिवालयको बैठक सञ्चालन गर्ने,

(च) गाउँ/नगर पालिका समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

(४) सह—सचिवको काम र कर्तव्य,

(क) सचिवको काममा आवश्यक सहयोग पु-याउने,

(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,

(ग) गाउँ/नगर पालिका समिति र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(५) कोषाध्यक्षको काम र कर्तव्य,

(क) आर्थिक कोषको संरक्षण, सम्वर्द्धन र आय—व्ययको अभिलेख राख्ने,

(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, आय—व्ययलाई वार्षिक रुपमा पालिका समितिको बैठकबाट पास गराउने,

(ग) आयस्रोतको सङ्कलन, परिचालन गर्नुका साथै पालिका समितिको निर्णय अनुसार बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(घ) वार्षिक रुपमा कोषको लेखापरीक्षण कार्य सम्पन्न गर्ने,

(ङ) गाउँ/नगर पालिका समिति र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(६) गाउँ/नगर पालिका समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८३. गाउँ/नगर पालिका परिषद्का पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

(१) गाउँ/नगर पालिका परिषद्का अध्यक्ष तथा पदाधिकारीहरू गाउँ/नगर पालिका समितिका पदाधिकारीहरू नै हुने भएकोले सोही अनुसारको काम र कर्तव्य हुनेछ ।

(२) गाउँ/नगर पालिका परिषद्का पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—११
## बैठक र निर्णयसम्बन्धी व्यवस्था

**८४. संघीय परिषदको बैठकः**

(१) सामान्यतया राष्ट्रिय संघीय परिषदको बैठक एक बर्षमा बस्नेछ । एक बैठक र अर्को बैठकको फरक दुई बर्षभन्दा बढी हुने छैन ।

(२) संघीय परिषदको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८५. केन्द्रीय समितिको बैठक :-**

(१) सामान्यतया केन्द्रीय समितिको बैठक वर्षमा एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक समय दुई वर्षभन्दा बढी हुने छैन ।

(२) केन्द्रीय समितिको बैठक सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

**८६. प्रदेश परिषद्को बैठक**

(१) सामान्यतया प्रदेश परिषदको भेला एक वर्षमा एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक दुई बर्ष भन्दा बढी हुने छैन ।

(२) प्रदेश परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८७. प्रदेश समितिको बैठक :-**

(१) सामान्यतया प्रदेश समितिको बैठक वर्षमा एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक दुई बर्ष भन्दा बढी हुने छैन ।

(२) प्रदेश समितिको बैठकसम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

**८८. जिल्ला परिषद्को बैठक**

(१) सामान्यतया जिल्ला परिषद्को बैठक वर्षमा एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक दुई बर्षभन्दा बढी हुने छैन ।

(२) जिल्ला परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८९. जिल्ला समितिको बैठक :-**

(१) सामान्यतया जिल्ला समितिको बैठक तीन महिनामा एकपटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक छ महिनाभन्दा बढी हुने छैन।

(२) जिल्ला समितिको बैठकसम्बन्धी व्यवस्था बैठकको निर्णयले तोके बमोजिम हुनेछ ।

**९०. गाउँ/नगर पालिका परिषदको बैठक**

(१) सामान्यतया गाउँ/नगर पालिका परिषदको भेला वर्षमा एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक दुई बर्ष भन्दा बढी हुने छैन ।

(२) गाउँ/नगर पालिका परिषदको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९१. गाउँ/नगर पालिका समितिको बैठक :-**

(१) सामान्यतया पालिका समितिको बैठक तीन महिनामा एकपटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक समय छ महिनाभन्दा बढी हुने छैन ।

(२) गाउँ/नगर पालिका समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

**९२. संसदीय दलको बैठक :-**

(१) सामान्यतया संसदीय दलको बैठक तीन महिनामा एकपटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक समय छ महिनाभन्दा बढी हुने छैन ।

(२) संसदीय दलको बैठक सम्बन्धी अन्य व्यवस्था सम्बन्धित संसदीय दलको विधान तथा यस विधान बमोजिम बनेको नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१२

## अनुशासन सम्बन्धी कारबाही र पुनरावेदन

**९३. आचारसंहिता :-**

(१) दलले सबै तहका पदाधिकारी तथा अन्य सदस्यले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्नेछ ।

(२) उपधारा (१) बमोजिमको आचारसंहिता केन्द्रीय समितिको बैठकबाट स्वीकृत गरी लागू गरिनेछ।

(३) उपधारा (२) बमोजिम लागू भएको आचारसंहिताको पालना गर्नु सबै तहका प्रत्येक पदाधिकारी तथा अन्य सबै सदस्यको कर्तव्य हुनेछ ।

(४) आचार संहिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९४. पदाधिकारी तथा सदस्यले पालना गर्नुपर्ने अनुशासनको नियम :-**

(१) दलले सबै तहका पदाधिकारी एवम् सदस्यहरूले पालना गर्नुपर्ने अनुशासन सम्बन्धी नियमको व्यवस्था गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम पालना गर्नुपर्ने अनुशासनको नियमसम्बन्धी विषय दलको केन्द्रीय समितिको बैठकबाट स्वीकृत गरी लागू गरिनेछ ।

(३) उपधारा (२) बमोजिम स्वीकृत भई लागू भएको अनुशासनको नियमको पालना गर्नु प्रत्येक पदाधिकारी तथा दलका सदस्यको कर्तव्य हुनेछ ।

(४) दलको अनुशासन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९५. आचारसंहिता तथा अनुशासनको नियमको उल्लंघन गरेको मानिने :-**

(१) पदाधिकारी, सदस्य तथा निकायले देहाय बमोजिमको कार्य गरे गराएमा धारा ९३ वा ९४ बमोजिम जारी आचारसंहिता वा अनुशासनको उल्लंघन गरेको मानिनेछः—

(क) दलको आदर्श, सिद्धान्त, विधान, नियमावली एवम् नीति तथा कार्यक्रम विपरीत कार्य गरे गराएमा,

(ख) नेपालको संविधान र प्रचलित कानुन बमोजिम जननिर्वाचित प्रतिनिधिले चलाउने निकायको निर्वाचनमा दलको निर्णय विपरीत उम्मेदवार बनेमा, पार्टीको उम्मेदवार विरुद्ध

प्रचार गरेमा वा पार्टीको उम्मेदवारका विरुद्धमा उठ्ने अन्य कुनै उम्मेदवारको प्रस्तावक र समर्थक बनेमा वा त्यस्तो उम्मेदवार को पक्षमा कुनै काम गरेमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसुर गरेको वा भ्रष्ट क्रियाकलाप गरेको वा अवाञ्छित तत्वसँग साँठगाँठ गरी पार्टी वा राष्ट्रको हित विपरीत काम गरेको,

(घ) पदीय आचरण वा पार्टी हितविपरीत आर्थिक अनुशासनहीनता वा पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएको,

(ङ) छुवाछूत वा जातीय भेदभाव वा लैङ्गिक हिंसाका क्रियाकलाप गरेको,

(च) पार्टीको नाम, छाप, लेटरप्याड, सदस्यता रसिद वा पदको नाम बिना आधिकारिकता प्रयोग गरेमा वा कुनै पनि तरीकाले दुरुपयोग गरेमा,

(छ) बिना आधिकारिकता (आधिकारिक समितिको निर्णय र आधिकारिक अनुमति बिना) कसैसँग सदस्यता शुल्क, चंदा, लेवी वा अन्य आर्थिक लाभ उठाएमा

(ज) माथिल्लो समितिले दिएको निर्देशनलाई पटक-पटक अटेरी गरेमा वा लिएको जिम्मेबारी पटक-पटक पूरा गर्ने तत्परता न देखाएमा

(झ) पार्टीद्वारा सञ्चालित आन्दोलन र कार्यक्रमको विपक्षमा रहेमा वा विरोधीहरुसँग साँठगाँठ गरेमा,

(ञ) पार्टीको जिम्मेवारीमा रहँदा पार्टीको निर्णय र निर्देशन विपरीत कार्य गरेमा, पार्टीको निर्णय खुला रुपले उल्लङ्घन गरेमा

(ट)पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको प्रमाणित भएमा

(ठ) पार्टीको नीति, नियम, निर्णय र कार्यक्रमहरुको विरोधमा सार्वजनिक अभिव्यक्ति दिएमा वा दुःस्प्रचार गरेमा

(ड) पार्टी भित्र गूटबंदी वा षड्यन्त्र गरेको प्रमाणित भएमा

(२) आचारसंहिता वा अनुशासनका नियम उल्लंघनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९६. अनुशासन सम्बन्धी कारवाही :-**

(१) दलको सबै तहका कमिटिको निर्वाचन भएको तीस दिनभित्र सम्बन्धित समितिको बैठकले एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहनेगरी ३ सदस्यीय एक अनुशासन समिति गठन गर्नुपर्नेछ ।

(२) कुनै पनि पदाधिकारी तथा सदस्यले धारा ९३ वा ९४ बमोजिम जारी भएको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा सम्बन्धित तहको अनुशासन समितिले आचारसंहिता उल्लंघन भएको हो, होइन छानबीन गरी कारबाहीको लागि सिफारिस गर्नु पर्नेछ। निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश र केन्द्रीय तहको हकमा अनुशासनको कारबाही गर्ने अधिकार केन्द्रिय अनुशासन समितिलाई हुनेछ भने टोल, वडा र पालिका तहको हकमा सम्बन्धित जिल्ला अनुशासन समितिलाई कारबाही गर्ने अधिकार हुनेछ।

(३) उपधारा (२) बमोजिम कारवाहीका लागि सिफारिस गर्नुपूर्व सम्बन्धित पदाधिकारी वा सदस्यलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) उपधारा (२) बमोजिम कारवाहीको लागि सिफारिस भई आएकोमा सम्बन्धित तहको समितिले कारवाहीको निर्णय गर्नेछ ।

(५) उपधारा (४) बमोजिम सम्बन्धित समितिले कारवाहीको निर्णय गर्दा पुनरावेदन गर्नको लागि पन्ध्र दिनको हदम्याद दिनु पर्नेछ ।

(६) अनुशासनात्मक कारवाही तथा कारवाही गर्दा अपनाउनु पर्ने कार्यविधिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९७. कारवाही :-**

(१) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा एकपटकलाई चेतावनी दिइनेछ—

(क) पार्टीले दिएको जिम्मेवारी बहन नगरेमा,

(ख) पार्टीको नीति निर्देशन पालना नगरेमा,

(ग) धारा ९५ को उपधारा १(क), १(ङ) बमोजिम कार्य गरेमा ।

(२) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा बढीमा एक वर्षसम्म निलम्बन गर्न सकिनेछ—

(क) पार्टी समितिको गोपनीयता भङ्ग गरेमा,

(ख) धारा ९५ को उपधारा १(क), १(ग), १(घ), १(च), १(छ), १(ञ), १(ट),१(ठ) बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

(३) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा दलको पदाधिकारीबाट हटाउन सकिनेछ—

(क) धारा ९५ को उपधारा १(ग), १(घ), १(च), १(छ) बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

(४) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा आगामी महाधिवेशन वा अधिवेशनमा दलको कुनै पनि तहमा र पदमा उम्मेदवार बन्नबाट बञ्चित गर्न सकिनेछ—

(क) धारा ९५ को उपधारा १(ख), १(ग), १(घ), १(च), १(छ) बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

(ख) पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुठ्ठा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेको,

(५) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा बढीमा ५ वर्षसम्म निलम्बन गर्न सकिनेछ—

(क) संघ तथा प्रदेश सरकार, स्थानीय तह र जनप्रतिनिधि संस्था लगायत पार्टीले पठाएको कुनै पनि जिम्मेवारीमा रहँदा पार्टी निर्णय र निर्देशन विपरीत कार्य गरेमा,

(ख) धारा ९५ को उपधारा १(ख) बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

(६) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा दलको साधारण सदस्य समेत नरहने गरी हटाउन सकिनेछ—

(क) नैतिक पतन देखिने फौजदारी कसुर गरेको, भ्रष्ट तथा अनैतिक आचरण गरेको र अवाञ्छित तत्वसँग साँठगाँठ गरेको तथा राष्ट्र र पार्टी हितविपरीत काम गरेमा,

(ख) धारा ९५ को उपधारा १(ख), १(ग), १(घ), १(ट), १(ड) बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

**९८. पुनरावेदन समिति :-**

(१) दलको सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट देहायअनुसार प्रत्येक तहमा एक पुनरावेदन समितिको निर्वाचन हुनेछ—

(क) केन्द्रीय तहमा महाधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहनेगरी बढीमा ३ सदस्यीय पुनरावेदन समिति,

(ख) प्रदेश तहमा प्रदेश अधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहने गरी बढी ३ सदस्यीय पुनरावेदन समिति,

(ग) जिल्ला तहमा जिल्ला अधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहने गरी बढी ३ सदस्यीय पुनरावेदन समिति,

(घ) स्थानीय तहको स्थानीय तह अधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहने गरी बढी ३ सदस्यीय पुनरावेदन समिति ।

(२) पुनरावेदन समितिको पदाधिकारी निर्वाचित हुनका लागि सम्बन्धित तहको समितिको पदाधिकारी हुन आवश्यक योग्यता सरहको योग्यता हुनु पर्नेछ ।

(३) पुनरावेदन समितिका पदाधिकारीको निर्वाचन सम्बन्धित तहको निर्वाचन समितिले सम्बन्धित तहको समितिका पदाधिकारीको निर्वाचनका लागि तय गरेको प्रक्रिया अवलम्बन गरी गराउनेछ ।

(४) पुनरावेदन समिति दलको एक स्थायी संरचनाको रूपमा रहनेछ र यसको पदावधि सम्बन्धित तहको समितिसरह हुनेछ ।

(५) पुनरावेदन समितिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ९९. पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार :-

(१) पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ—

(क) कुनै पदाधिकारी तथा सदस्यमाथि भएको कारवाहीको पुनरावेदन सुन्ने,

(ख) पुनरावेदन सुनुवाई गर्दा प्रचलित कानुन तथा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सुनुवाई गर्ने,

(ग) सुनुवाईका क्रmममा कुनै समितिको निर्णय, पदाधिकारी तथा सदस्य बुझ्नुपर्ने भएमा सो बुझ्ने,

(२) पुनरावेदन समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ—

## १००. पुनरावेदन प्रक्रिया :-

(१) दलको सम्बन्धित वडा समितिले गरेको कारवाहीउपर स्थानीय तह समिति तहको पुनरावेदन समिति र स्थानीय तह, जिल्ला, प्रदेश तथा केन्द्रीय तहको समितिले गरेको कारवाहीउपर सोही समिति तहको पुनरावेदन समितिसमक्ष पुनरावेदन दिन सकिनेछ ।

(२) उपधारा (१) बमोजिम पुनरावेदन दिन चाहने व्यक्तिले सम्बन्धित समितिबाट भएको निर्णय थाहा पाएको मितिले पन्ध्र दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम पुनरावेदन गर्न आएकोमा सम्बन्धित तहको पुनरावेदन समितिले तीस दिनभित्र बुझ्नुपर्ने सबै प्रमाण कागजात बुझी बढीमा चालीस दिनभित्र निर्णय दिनुपर्नेछ ।

(४) उपधारा (३) बमोजिम पुनरावेदन समितिले गरेको निर्णयमा चित्त नबुझेमा स्थानीय तहको पुनरावेदन समितिको निर्णयउपर जिल्ला तहको पुनरावेदन समितिमा, जिल्ला तहको पुनरावेदन समितिको निर्णयउपर प्रदेश तहको पुनरावेदन समितिमा र प्रदेश तहको पुनरावेदन समितिको निर्णयउपर केन्द्रीय तहको पुनरावेदन समितिमा र केन्द्रीय तहको पुनरावेदन समितिको निर्णयउपर केन्द्रीय समितिमा पुनरावलोकनका लागि निवेदन दिन सकिनेछ ।

(५) उपधारा (४) बमोजिम पुनरावलोकनको लागि निवेदन परेमा सम्बन्धित तहको समितिले उपधारा (३) बमोजिमको प्रक्रिया र अवधिमा निर्णय दिनु पर्नेछ ।

(६) उपधारा (५) बमोजिम भएको निर्णय अन्तिम हुनेछ ।

(७) पुनरावेदन प्रक्रियासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—१३

## विवाद समाधान समिति सम्बधी व्यवस्था

### १०१. विवाद समाधान समिति :-

(१) दलको आन्तरिक विवाद समाधानका लागि सम्बन्धित तहको समितिले देहाय बमोजिमका पदाधिकारी भएको विवाद समाधान समिति गठन गरिनेछ—

(क) संयोजक

(ख) सदस्यः ३ जना

(ग) सदस्य सचिव

(२) पार्टी सदस्यता वितरणसम्बन्धी विवाद, दलभित्रको आन्तरिक विवाद र पार्टीभित्र देखा परेका नीतिगत विवाद, दलभित्र भएका व्यक्तिगत वा सामूहिक विवादहरू तथा पार्टीभित्र देखा परेका अन्य विवादहरू हल गर्ने यस समितिको मुख्य जिम्मेवारी हुनेछ ।

(३) यस विधानमा व्यवस्था भए बमोजिम विधान र नियमावलीलाई आधार मानी विवाद समाधान गर्नुपर्नेछ ।

(४) यस विधान बाहेकका अन्य प्रक्रिया र कार्यविधि विवाद समाधान समिति आफैले तोके बमोजिम हुनेछ ।

(५) कुनै पनि विवाद समाधानका लागि विवाद समाधान समितिले दिएको राय, सुझाव र निर्णय सबै पक्षका लागि मान्य हुनेछ ।

१०२. विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार :-

(१) विवादमा सम्बद्ध पक्षहरू बीच बेग्लाबेग्लै वा सामूहिक रूपमा छलफल गर्ने,

(२) पार्टीको हितलाई मुख्य आधार मानी पार्टीको विधान र नियमावली बमोजिम विवाद समाधान गर्ने,

(३) विवाद समाधानको उपाय कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।

१०२. विवाद समाधानको प्रक्रिया :-

(१) विवादको कारण पहिचान गर्ने,

(२) विवादित पक्षहरू बीच छलफल गर्ने,

(३) विवादका पक्षहरू लाई उचित प्रतिवादको मौका दिने,

(४) विवाद समाधान गर्न दलको विधान र नियमको पालना गर्ने,

(५) विवाद समाधान गर्दा न्याय र कानुनका सर्वमान्य सिद्धान्तहरूको पालना गर्ने ।

## परिच्छेद—१४

## दलको कोष सम्बन्धी व्यवस्था

**१०४. कोष :-**

(१) दलको एक छुट्टै कोष हुनेछ, जसमा देहाय अनुसारको रकम जम्मा हुनेछ—

(क) सदस्यता शुल्क वापत प्राप्त रकम,

(ख) तोकिएको लेबी वा सदस्यता नवीकरण शुल्क वापत प्राप्त रकम,

(ग) दललाई प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगबाट प्राप्त हुने रकम,

(घ) दलले कुनै कार्यक्रम आयोजना गरी सङ्कलन गरेको रकम,

(ङ) पार्टीको जिन्सी सम्पत्ति तथा प्रकाशन बिक्रीबाट प्राप्त रकम,

(च) कोषमा रहेको रकमवापत बैंकबाट प्राप्त व्याज रकम,

(छ) सहयोगवापत प्राप्त हुने रकम,

(ज) पार्टी कार्यकर्ताको उत्पादनमुखी कार्यक्रम वा अभियानबाट प्राप्त रकम,

(झ) विधान बमोजिम दललाई प्राप्त हुने जुनसुकै रकम ।

(२) उपधारा (१) बमोजिमको कोष प्रत्येक तहको समितिमा रहनेछ ।

(३) उपधारा (१) बमोजिमको कोषमा रहेको रकम प्रत्येक तहका समितिले पार्टीको सम्बन्धित तहको नाममा बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) पार्टीको प्रत्येक तहका समितिको नाममा हुने सबै खर्च सम्बन्धित तहको दलको कोषबाट व्यहोरिनेछ ।

(५) पार्टीको कोषमा प्राप्त हुने रकम प्राप्त गर्दाको बखत अनुसूची — ८ बमोजिमको ढाँचाको रसिद/भर्पाइ उपलब्ध गराइनेछ ।

(७) कोषसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०५. बैंक खाता सञ्चालन :-**

(१) दलको बैंक खाता सम्बन्धित तहको समितिका अध्यक्ष वा निजले मनोनित गरेको व्यक्ति र कोषाध्यक्ष गरी दुई जनाको दस्तखतबाट सञ्चालन गरिनेछ ।

(२) कुनै विशेष अभियान संचालन गर्न वा निर्वाचन प्रयोजनको लागि सम्बन्धित समितिको निर्णय अनुसार अभियान वा परिचालन समितिले तोकेका २ जना सदस्यहरूको संयुक्त दस्तखतबाट संचालन हुने गरी बैंक खाता खोल्न सकिनेछ ।

(३) दलको बैंक खाता सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०६. रकम खर्चसम्बन्धी व्यवस्था :-**

(१) दलको कोषमा रहेको रकम सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट स्वीकृत कार्यक्रम अनुरुप मात्र खर्च गरिनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनले सम्बन्धित तहको समितिले निर्णय गरी खर्च गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेकोमा त्यस्तो समितिको निर्णय बमोजिम रकम खर्च गर्न सकिनेछ ।

(३) दलको कोषबाट रकम खर्च गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०७. लेखा समिति :-**

(१) पार्टीको प्रत्येक समितिले सम्बन्धित तहको लागि एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सहित तीन सदस्यीय एक लेखा समितिको गठन गर्नुपर्नेछ ।

(२) उपधारा (१) बमोजिमको लेखा समिति सम्बन्धित तहको समितिको निर्वाचन भएको मितिले तीस दिनभित्र गठन गरी सक्नुपर्नेछ ।

(३) उपधारा (२) बमोजिम लेखा समिति गठन भएको विषय सम्बन्धित तहको समितिले माथिल्लो समितिलाई र निर्वाचन आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनु पर्नेछ ।

(४) लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ—

(क) सम्बन्धित तहको लेखा समितिको सम्बन्धित तहको समितिको लेखा जाँच गर्ने,

(ख) खण्ड (क) बमोजिम लेखा जाँच गर्दा कैफियत भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने,

(ग) सम्बन्धित तहको लेखा समितिले सम्बन्धित तहको समितिको आन्तरिक लेखा परीक्षणको सबैखाले व्यवस्था मिलाउने,

(घ) सम्बन्धित तहको लेखा समितिले सम्बन्धित तहको समितिको अन्तिम लेखा परीक्षणको व्यवस्था मिलाउने,

(ङ) दलको चल, अचल सम्पत्तिको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्न लगाउने ।

(५) लेखा समितिको काम, कर्तव्य र अधिकार तथा लेखा समितिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०८. कोष सञ्चालनका लागि जिम्मेवार पदाधिकारी :-**

(१) दलको प्रत्येक तहका समितिले आयोगको सम्बन्धित कार्यालयमा कोष सञ्चालनका लागि एक जना सम्पर्क व्यक्ति तोकिनेछ ।

(२) उपधारा (१) बमोजिमको सम्पर्क व्यक्ति सम्बन्धित तहको समितिको निर्वाचन भएको मितिले तीस दिनभित्र तोकी सक्नुपर्नेछ ।

(३) उपधारा (२) बमोजिम तोकिएको सम्पर्क व्यक्तिको सम्बन्धमा सम्बन्धित तहको समितिले आफूभन्दा माथिल्लो समितिलाई र आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनु पर्नेछ ।

(४) सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ—

(क) आयोगको सम्बन्धित कार्यालयसँग सम्पर्क समन्वयमा रहने,

(ख) आयोगबाट जारी भएका निर्देशन, आदेश वा कोषसम्बन्धी अन्य विषय आफ्नो समितिमा छलफल गर्ने, गराउने,

(ग) खण्ड (ख) बमोजिमको विषयको कार्यान्वयन गर्न, गराउन प्रयत्नशील रहने,

(घ) खण्ड (ख) बमोजिमको विषयमा भएकै प्रगति आयोगको सम्बन्धित कार्यालयमा जानकारी गराउने ।

(५) सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार तथा सम्पर्क व्यक्तिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १०९. लेखा व्यवस्थापन :-

(१) पार्टीको लेखा विवरण आयोगले तोकेको ढाँचामा दोहोरो लेखा प्रणाली अनुरुप राखिनेछ ।

(२) पार्टीको सम्बन्धित तहको समितिको लेखा राख्नका लागि दलको समितिको निर्वाचन भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको समितिले पदाधिकारी तोक्नु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम लेखा राख्न तोकिएको पदाधिकारीको विवरण सम्बन्धित तहको समितिले पदाधिकारी तोकिएको मितिले पन्ध्र दिनभित्र माथिल्लो समिति र आयोगको सम्बन्धित कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ ।

(४) दलको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर, फिक्चर लगायतका अन्य सम्पत्तिको लेखाङ्कन र अभिलेखन गरिनेछ ।

(५) लेखा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १११. आन्तरिक लेखापरीक्षण :-

(१) सम्बन्धित तहको समितिको कोषको आय—व्ययको आन्तरिक लेखापरीक्षण गर्नका लागि सम्बन्धित तहको लेखा समितिले विषय विज्ञलाई आन्तरिक लेखापरीक्षकको रूपमा नियुक्त गर्नेछ ।

(२) उपधारा (१) बमोजिमको आन्तरिक लेखापरीक्षकले दलको आन्तरिक लेखापरीक्षण गरी मासिक रूपमा लेखा समितिसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम पेश हुन आएको आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा समितिले सम्बन्धित तहको समितिमा पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षक नियुक्ति, सेवा, सुविधा तथा आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १११. अन्तिम लेखापरीक्षण :-

(१) पार्टीको सम्बन्धित तहका समितिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफ्नो आय र व्ययको लेखापरीक्षण इजाजत प्राप्त लेखापरीक्षकबाट गराउनेछ ।

(२) पार्टी मातहतका समिति सदस्य तथा कर्मचारीले अनुशासन उल्लंघन गरेमा त्यस्तो व्यक्तिबाट सञ्चालित खाता वा मातहत समितिको नगद वा जिन्सी सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई पत्राचार गर्न सक्नेछ।

(३) लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११२. लेखापरीक्षण प्रतिवेदन सार्वजनिक :-**

(१) सम्बन्धित तहको समितिले धारा—१११ बमोजिमको अवधिभित्र लेखापरीक्षण कार्य सम्पन्न गरी सो को प्रतिवेदन निकट माथिल्लो तहको समितिमा लेखापरीक्षण सम्पन्न भएको मितिले तीस दिनभित्र पेश गर्नु पर्नेछ ।

(२) सम्बन्धित तहको समितिले उपधारा (१) बमोजिम निकट माथिल्लो तहको समितिमा लेखापरीक्षण प्रतिवेदन पेश गरेको तीस दिनभित्र उक्त लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

(३) उपधारा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन प्रचलित कानुनमा भएको व्यवस्था वा आयोगको निर्देशन बमोजिम आयोगको सम्बन्धित कार्यालयमा समेत पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षण प्रतिवेदनका दलको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर, फिक्चर लगायतका अन्य सम्पत्तिको विवरण समेत सार्वजनिक गरिनेछ ।

(५) लेखापरीक्षण सार्वजनिक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११३. कोष तथा आर्थिक व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था :-**

(१) दलको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर फिक्चर लगायतका अन्य सम्पत्तिहरू को स्पष्ट विवरण खुल्ने गरी अनुसूची—९ बमोजिमको ढाँचामा सम्पत्ति अभिलेख लगत राखिनेछ ।

(२) उपधारा (१) बमोजिमको राखिएको अभिलेख विवरण प्रत्येक वर्ष चैत मसान्तभित्र सार्वजनिक गरिनेछ ।

(३) दलको कोष तथा लेखा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—१५
## विधान संशोधन

**११४. विधान संशोधन कार्यदल :-**

(१) पार्टीको विधान संशोधन गर्न आवश्यक देखिएमा केन्द्रीय समितिले एक जना संयोजक सहित बढीमा ५ सदस्यीय विधान मस्यौदा कार्यदल गठन गर्नेछ ।

(२) उपधारा (१) बमोजिमको कार्यदलमा कम्तिमा एक तिहाई महिला सदस्य रहने छन् ।

(३) उपधारा (१) बमोजिमको कार्यदल समावेशी सिद्धान्तका आधारमा समावेंशी समूहका प्रतिनिधि समेत रहने गरी गठन गर्नेछ ।

(४) विधान संशोधनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११५. विधान संशोधन कार्यदलले गर्नुपर्ने कार्य :-**

(१) विधान संशोधन कार्यदलले देहाय अनुसारको प्रक्रिया अवलम्बन गरी विधान संशोधनको मस्यौदा तयार गर्नु पर्नेछ ।

(क) प्रदेश, जिल्ला, पालिका तथा वडा समितिहरूसँग विधान संशोधन गर्नुपर्ने विषयका सम्बन्धमा सुझाव माग गर्ने,

(ख) खण्ड (क) बमोजिम माग गरी प्राप्त सुझावका आधारमा संशोधनको खाका तयार गर्ने,

(ग) खण्ड (ख) बमोजिमको खाकामाथि केन्द्रीय समिति तथा आवश्यकताअनुसार प्रदेश, जिल्ला, पालिका तथा वडा समितिहरूसँग छलफल गर्ने,

(घ) विधान संशोधन मस्यौदा प्रतिवेदन तयार गरी केन्द्रीय समितिमा पेश गर्ने,

(२) विधान संशोधन कार्यदल र कार्यदलले अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११६. विधान संशोधन प्रस्ताव :-**

(१) धारा—११५ को खण्ड १ (घ) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा केन्द्रीय समितिले अनुसूची—१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि केन्द्रीय समितिले अनुसूची—१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्न विधान संशोधन कार्यदललाई जिम्मेवारी तोक्न सक्नेछ।

(३) उपधारा (२) बमोजिम जिम्मेवारी तोकिएकोमा सोही बमोजिम कार्य गर्नु विधान संशोधन कार्यदलको जिम्मेवारी हुनेछ ।

(४) विधान संशोधन प्रस्तावसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११७. विधान संशोधन प्रक्रिया :-**

(१) दलको विधान संशोधन राष्ट्रिय महाधिवेशनको कुल सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट गरिनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै निश्चित विषयका सम्बन्धमा विधान संशोधन गर्ने अधिकार महाधिवेशनले संघीय परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम अधिकार प्रत्यायोजन भएकोमा प्रत्यायोजन भएको अधिकारको हदसम्म मात्र संघीय परिषद्ले विधान संशोधन गर्न सक्नेछ ।

(४) विधान संशोधन प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११८. संशोधित विधानको प्रमाणिकरण :-**

(१) संशोधित विधान महाधिवेशनको निर्णय समितिले प्रमाणित गर्नु पर्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि धारा—११७ को उपधारा (२) बमोजिम विधान संशोधन भएकोमा त्यस्तो संघीय परिषद् र तत्काल कायम रहेका केन्द्रीय समितिका प्रमुख पदाधिकारीले प्रमाणित गर्नु पर्नेछ ।

(३) विधान संशोधन प्रमाणितसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११९. संशोधित विधान लागू हुने :-**

(१) धारा—११८ बमोजिम प्रमाणित विधान धारा—११५ को उपधारा (१) को ढाँचामा विधान संशोधन भएको मितिले पन्ध्र दिनभित्र आयोगमा पेश गरिनेछ ।

(२) उपधारा (१) मा बमोजिमको पेश गरिएको संशोधित विधान आयोगबाट स्वीकृति प्राप्त गरेको मितिदेखि लागू हुनेछ ।

## परिच्छेद—१६

## दल विघटन हुने अवस्था र विघटन भएमा सम्पत्ति तथा दायित्वको व्यवस्थापन

**१२०. पार्टी विघटन सम्बन्धी व्यवस्था :-**

(१) पार्टीको विघटन गर्न उपयुक्त छ भनी तत्काल कायम रहेको केन्द्रीय समितिको दुई तिहाई सदस्यहरूले निर्णय गरी तत्काल कायम रहेको संघीय परिषद्मा पेश गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिमको निर्णय भई आएमा तत्काल कायम रहेको परिषदको कुल सदस्य सङ्ख्याको दुई तिहाई सदस्यको निर्णयबाट पार्टी विघटन गर्न सकिनेछ ।

(३) उपधारा (२) बमोजिम पार्टी विघटन भएमा पार्टीको सम्पूर्ण जायजेथा तथा सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(४) पार्टी विघटनको प्रक्रिया लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—१७
## विविध

### १२१. उम्मेदवार मनोनयनको मापदण्ड :-

(१) नेपालको संविधान तथा प्रचलित कानुन बमोजिम हुने निर्वाचनमा दलको तर्फबाट उम्मेदवार मनोनयन गर्दा देहायको मापदण्डको आधारमा गरिनेछ—

(क) नेपालको नागरिक भएको

(ख) कुनै कानूनले अयोग्य नभएको,

(ग) कुनै लाभको पदमा बहाल नरहेको ।

(२) उपधारा (१) बमोजिम उम्मेदवार मनोनयन गर्दा देहायको प्रक्रिया अवलम्बन गरिनेछ—

(क) नेपालको संविधानमा उल्लेख भएअनुसारको प्रक्रिया पुरा गरिनेछ,

(ख) निर्वाचन आयोगले तोकेको प्रक्रिया र मापदण्ड अनुसारको कार्य गरिनेछ ।

### १२२. सम्पर्क व्यक्ति :-

(१) निर्वाचन आयोगसँग आवश्यकता अनुसार सम्पर्क, समन्वय र सहकार्य गर्नका लागि पार्टीले देहाय बमोजिमको सम्पर्क व्यक्तिको व्यवस्था गर्नेछ—

(क) केन्द्रीय समितिको तर्फबाट निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा सम्पर्कका लागि केन्द्रीय समितिको निर्वाचन भएको तीस दिनभित्रमा पार्टीको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी पन्ध्र दिनभित्रमा आयोगको कार्यालयमा जानकारी दिइनेछ ।

(ख) प्रदेश समितिको तर्फबाट निर्वाचन आयोगको प्रदेश कार्यालयमा सम्पर्कका लागि प्रदेश समितिको निर्वाचन भएको तीस दिनभित्रमा पार्टी प्रदेश समितिको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी पन्ध्र दिनभित्रमा आयोगको प्रदेश कार्यालयमा जानकारी दिइनेछ ।

(ग) जिल्ला समितिको तर्फबाट निर्वाचन आयोगको जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क गर्नका लागि जिल्ला समितिको निर्वाचन भएको तीस दिनभित्रमा पार्टी जिल्ला समितिको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी पन्ध्र दिनभित्रमा आयोगको जिल्ला कार्यालयमा जानकारी दिइनेछ ।

(घ) पालिका समितिको तर्फबाट निर्वाचन आयोगको जिल्ला निर्वाचन कार्यालय तथा स्थानीय तहका सम्पर्क व्यक्तिसँग सम्पर्क गर्नका लागि पालिका समितिको निर्वाचन भएको तीस दिनभित्रमा पार्टी पालिका समितिको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी पन्ध्र दिनभित्रमा आयोगको जिल्ला निर्वाचन कार्यालय वा आयोगको स्थानीय तहका सम्पर्क व्यक्तिलाई जानकारी दिइनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि निर्वाचन आयोगले निर्णय गरी माग गरे बमोजिम सम्पर्क व्यक्तितोकी पठाउनु पार्टीको कर्तव्य हुनेछ ।

(३) उपधारा (१) र (२) बमोजिम तोकिएका सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ —

(क) पार्टीको सम्बन्धित तहको समितिको तर्फबाट आयोगसँग निरन्तर सम्पर्क र समन्वयमा रहने,

(ख) पार्टीको तर्फबाट आयोगमा पेश गर्नुपर्ने कागजात समयमा पेश गर्ने व्यवस्था मिलाउने,

(ग) आयोगले सम्पर्क व्यक्तिलाई लक्षित गरी तोकिएको कार्य गर्ने र आयोगको कार्यक्रममा सहभागिता जनाउने,

(घ) आयोगबाट प्राप्त सूचना, निर्देशन र जानकारी सम्बन्धित तहको समिति अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारीलाई जानकारी गराउने,

(ङ) पार्टीले गर्ने भनी तोकिएको अन्य जिम्मेवारी बहन गर्ने ।

(४) सम्पर्क व्यक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२३. कर्मचारी व्यवस्थापन :-**

(१) दलले आवश्यकता अनुसार कर्मचारी भर्ना तथा कर्मचारीको सेवा शर्तका सुविधाहरू निर्धारण गर्न सक्नेछ ।

(२) कर्मचारी भर्ना तथा सेवा सुविधाको शर्तसम्बन्धी अन्य व्यवस्था कर्मचारी प्रशासन विनियममा तोकिए बमोजिम हुनेछ ।

**१२४. सम्पत्ति विवरणसम्बन्धी व्यवस्था :-**

(१) पार्टीको केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्तिले आफू निर्वाचित भएको मितिले ६० दिनभित्रमा आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी पार्टीको केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपधारा (१) बमोजिमको विवरण प्राप्त भएपछि त्यसको अभिलेख कार्यालयमा राखी सम्पत्ति विवरण पेश गर्ने र नगर्ने पदाधिकारी तथा सदस्यको नाम सम्पत्ति विवरण पेश गर्नुपर्ने अवधि नाघेको एक महिनाभित्रमा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपधारा (१) बमोजिमको सम्पत्ति विवरण अनुसूची— ११ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

**१२५. अधिकार प्रत्यायोजन :-**

(१) महाधिवेशनले केन्द्रीय समितिलाई तथा सम्बन्धित तहको अधिवेशनले सम्बन्धित तहको समितिलाई महाधिवेशन वा अधिवेशनको अधिकार तोकिएको शर्त बमोजिम उपयोग गर्न प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम प्रत्यायोजन भएका अधिकार पुनः प्रत्यायोजन गर्न पाइने छैन ।

(३) सम्बन्धित तहको समितिको अधिकार सम्बन्धित तहको कुनै विभाग, समिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

(४) अधिकार प्रत्यायोजनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२६. दल एकीकरण हुनसक्ने :-**

(१) पार्टीको केन्द्रीय समितिको कम्तिमा पचास प्रतिशत सदस्यको निर्णयबाट दलमा अन्य कुनै दल एकीकरण गर्ने वा अन्य दलहरू समेत मिली नयाँ दल गठन वा दल एकीकरण गर्न सकिनेछ ।

(२) पार्टी एकीकरण वा नयाँ पार्टी गठन भएमा यसरी एकीकरण हुने पार्टीको सम्पत्ति तथा दायित्व समेत एकीकरण भई बनेको पार्टीको हुनेछ ।

(३) पार्टी एकता वा नयाँ पार्टी गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२७. विधानको व्याख्या :-**

(१) विधानको अन्तिम व्याख्या संघीय परिषद्ले  गर्नेछ तर व्याख्या गरिएको विषयलाई राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरी अनुमोदन गराउनु पर्नेछ ।

**१२८. बाधा, अड्काउ फुकाउने :-**

(१) यस विधानलाई कार्यान्वयन गर्ने क्रममा कुनै विवाद वा बाधा, अड्काउ उत्पन्न भएमा पार्टीको केन्द्रीय समितिले बाधा अड्काउ फुकाउको निर्णय गर्नेछ।

(२) उपधारा (१) बमोजिम गरिएको निर्णय बमोजिम विधानमा आवश्यक संशोधन गर्नुपर्ने भएमा विधान बमोजिमको प्रक्रिया पूरा गरी तत्काल त्यसपछि बस्ने संघीय परिषद् वा महाधिवेशनमा अनुमोदनका लागि प्रस्ताव पेश गरिनेछ ।

(३) विधानको बाधा अड्काउको कार्यविधि तथा बाधा अड्काउ फुकाउ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२९. संक्रमणकालीन व्यवस्था :-**

(१) पार्टीको सम्बन्धित तहको समितिले महाधिवेशन वा अधिवेशनको घोषणा गरेपछि तत्काल कायम रहेको समिति महाधिवेशन वा अधिवेशन आयोजक समितिमा रुपान्तरण हुनेछ ।

(२) उपधारा (१) बमोजिम रुपान्तरण भएको समितिले तोकिएको मितिमा महाधिवेशन वा अधिवेशन सम्पन्न गरी अर्को समिति निर्वाचित नगरेसम्म कार्यकारी समितिको हैसियतमा नै पार्टीको काम गर्नेछ।

(३) निर्वाचित समिति वा परिषद् वा मोर्चा नभएको ठाउँमा माथिल्लो समिति वा मूल समितिले मनोनयनद्वारा पार्टीका तदर्थ इकाईहरू निर्माण गर्न सक्नेछ । यस्तो इकाईको मुख्य काम आफ्नो

तहको अधिवेशनको लागि तैयारी गराउनु हुनेछ। अधिवेशन सम्पन्न नहुँदासम्म यसले निर्वाचित समितिको अधिकारहरू प्रयोग गरी काम गर्नेछ । तदर्थ इकाईको अवधि सामान्यतः एक वर्षको हुनेछ । आवश्यकता परेमा यो अवधि बढाउन सकिने छ।

(४) इन्चार्ज र सहइन्चार्जहरूः केन्द्रिय अध्यक्षको अनुमोदनमा विभिन्न तहका पार्टी समितिहरूले मातहतका समितिहरूमा आफ्नो प्रतिनिधिको रुपमा ईन्चार्ज र सहइन्चार्ज खटाउन सक्नेछ । त्यस्ता इन्चार्ज र सहइन्चार्जहरूको मुख्य काम पार्टी प्रतिनिधिको रुपमा मातहत समितिको काम अनुगमन गर्नु, मातहत समितिलाई पार्टीको धारणा स्पष्ट पार्नु, समितिहरूको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्नु र मातहत समितिको सुझाव माथिल्लो समितिमा ल्याउनु हुनेछ।

(५) संक्रमणकालीन अवस्थाको सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १३०. नियमावली बनाउन सक्ने :-

(१) पार्टीको कामलाई व्यवस्थित बनाई कार्यान्वयन गर्नका लागि केन्द्रीय कार्यकारिणी समितिले आवश्यकता अनुसार पार्टीको विधान अन्तर्गत रही नियमावली बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम बनाइएको नियमावली केन्द्रीय कार्यकारिणी समितिबाट पारित भएपछि कार्यान्वयन हुनेछ ।

(३) पार्टीको मूल विधानसँग बाझिएको नियम बाझिएको हदसम्म अमान्य हुनेछ ।

## १३१. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :-

(१) दलको केन्द्रीय कार्यकारिणी समिति वा नियमावलीमा तोकिए बमोजिमको तहका समितिले दल सञ्चालन तथा विधान र नियमावली बमोजिमको व्यवस्था कार्यान्वयन गर्न कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएकोमा कार्यविधि स्वीकृत भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित तहको समितिले निकट माथिल्लो तहको समितिमा जानकारी गराउनु पर्नेछ ।

## १३२. खारेजी र बचाउ :-

(१) यो विधान लागू भएसँगै जनमत पार्टीको विधान २०७५ स्वतः खारेज गरिएको छ ।

(२) जनमत पार्टीको विधान २०७५ बमोजिम भए गरेका सम्पूर्ण कामकारवाही यसै विधान बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची—१

(धारा ५ सँग सम्बन्धित)

दलको छाप

दलको छापमा अष्टदलको बीचमा गोलाकार गरी पार्टीको नाम र स्थापित २०७५ लेखिएको रहनेछ ।

## अनुसूची—२

**(धारा ६ सँग सम्बन्धित)**

दलको चिन्ह

दलको चुनाव चिन्ह लाउडस्पीकर(हर्न) छाप रहनेछ।



## अनुसूची—३

(धारा ७ सँग सम्बन्धित)

दलको झण्डा

दलको झण्डा क्रमश: रातो, सेतो र हरियो रंगको ठाड़ो धर्का (स्ट्रीप) बीचमा बीचको सेतो स्ट्रीपमा रातो रंगको अष्टदल रहने छ।



## अनुसूची—४

(धारा २२ को उपधारा (१) सँग सम्बन्धित)

### दलको सदस्य दर्ता किताब

जनमत पार्टीको संघीय/ प्रदेश/ जिल्ला/प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं /प्रदेश सभा निर्वाचन क्षेत्र नं / नगरपालिका/ गाउँपालिका/ वडा मा रहेको पदाधिकारी/सदस्यहरुको दल दर्ता किताब

| क्र सं | सदस्य ता नं | नामथर | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता प्रमाणपत्र नं | नागरिकता प्राप्त जिल्ला | मतदाता नं | लिंग | समावेशी समुह | पेशा | सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

प्रमाणित गर्नेः-

हस्ताक्षरः-

नामथरः-

पदः-

समितिः-

मितिः

## अनुसूची—५

(धारा २३ को उपधारा (१) सँग सम्बन्धित)

सपथ ग्रहणको ढाँचा

(मुटुमाथि दायाँ हात राखेर)

म (आफ्नो नाम) जनमत पार्टीको क्रियाशील सदस्य/ समितिको पदको जिम्मेवारी लिइ रहेको यस महत्वपूर्ण घडीमा आफ्नो मातृभूमिलाई सम्झदै पार्टीको झण्डा सामु यी प्रतिज्ञाहरु गर्दछु।

- म जनमत पार्टिको सिद्धान्तलाई आत्मसात् गर्दै अघि बढ्नेछु,
- म मातृभूमि, जनता र पार्टी प्रति पूर्ण वफादार रहनेछु,
- म पार्टीको विधान, नीतिर कार्यक्रमको सदैव पालना र अनुशरण गर्नेछु,
- म पार्टीको गोपनियता अनुशासन तथा पार्टी एकतालाई जस्तोसुकैपरिस्थितिमा पनि कायम राख्नेछु,
- म निजी वा व्यक्तिगत स्वार्थबाटमाथि उठेर स्वच्छ एवम् नेतिक आचरणयुक्त जिवन बिताउनेछु,
- म कसै माथि पक्षपात नगरी पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ काम गर्नेछु,
- म सदैव सकारात्मक सोच राख्नेछु

- जनमत पार्टी :- जिन्दावाद ! जय जनमत !

नाम :-

ठेगाना :-

पद :-


हस्ताक्षर :-

मिति :-

अनुसूची—६

(धारा २५ को उपधारा (२) सँग सम्बन्धित)

दलको संगठनात्मक संरचना


राष्ट्रिय महाधिवेशन
प्रतिनिधि सभा नि. क्षे. अधिवेशन
संघीय परिषद्/सभा
सर्वमान्य नेता, संरक्षक, अध्यक्ष मण्डल, वरिष्ठ नेता मण्डल
विशेष समितिहरू
केन्द्रीय समिति (सचिवालय, कार्यकारिणी)
संघीय परिषद्, विभाग र मोर्चा
प्रदेशसभा नि.क्षे. अधिवेशन
प्रदेश परिषद्/सभा
विशेष समितिहरू
प्रदेश समिति
प्रदेश परिषद्, विभाग र मोर्चा
जिल्ला परिषद्/सभा
विशेष समितिहरू
जिल्ला समिति
जिल्ला परिषद्, विभाग र मोर्चा
स्थानीय तह अधिवेशन
पालिका परिषद्/सभा
विशेष समितिहरू
पालिका समिति
पालिका परिषद्, विभाग र मोर्चा
वडा अधिवेशन
वडा समिति
गाउँ/टोल/बूथ समिति

## अनुसूची—७

(धारा ४९ को उपधारा (४) सँग सम्बन्धित)

**विजयी उम्मेदवारको प्रमाणपत्र**

**जनमत पार्टी**

बिजयी उम्मेदवारको प्रमाणपत्र

तपाईं श्री ........................ जनमत पार्टीको मिति .............. गते सम्पन्न ........................ स्तरिय महाधिवेशन/अधिवेशनबाट ...............पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ । धन्यवाद ।

....................

(निर्वाचन प्रमुख)

## अनुसूची—८

(धारा १०४ को उपधारा (५) सँग सम्बन्धित)

## नगदी रसिद/भर्पाइ

### जनमत पार्टी

रसिद नः ... नगदी रसिद मितिः २० / /

श्री ......................... ............................ बाट रू. .................. (अक्षरेपी रू ............ ....................................................) नगद/चेकद्वारा............................ .......................... बापत/ का लागि सधन्यवाद प्राप्त भयो ।

बैंक....................................... चेक नं ......................... सम्पर्क नं ............................

रकम बुझिलिनेको नामः-

हस्ताक्षरः-

पदः- ...................

मितिः- ...................

रकम बुझाउनेको नामः-

हस्ताक्षरः-

पदः- ...................

मितिः- ...................

## अनुसूची—९

(धारा ११३ को उपधारा (१) सँग सम्बन्धित)

### दलको सम्पत्तिको लगत अभिलेखको ढाँचा

| क.स. | विवरण | परिमाण | परल मुल्य | हालको मुल्य | थप—घट मुल्य (हरेक आ.व.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

प्रमाणित गर्ने पदाधिकारी

नाम :-

ठेगाना :-

सम्पर्क नम्बर :-

## अनुसूची–१०

(धारा ११६ को उपधारा (१) सँग सम्बन्धित)

### विधान संशोधनको ढाँचा

| क.स. | साविकको विवरण | हेरफेर भएको विवरण | संशोधनको कारण |
|---|---|---|---|
| | | | |

## अनुसूची–११
## (धारा १२४ को उपधारा (३) सँग सम्बन्धित)
## सम्पत्ति विवरण पेश गर्ने ढाँचा

पार्टीको पद धारण गरेको व्यक्तिको नाम, थरः–

पद :–                विवरण पेश गरेको निकायः–

विवरण पेश गरेको आ.ब. :–

स्थायी ठेगाना :– जिल्लाः–   गा.पा./न.पा. :–   वडा नं. :–   टोलः–

हाल बसोबास गरेको ठेगानाः

जिल्लाः–          गा.पा./न.पा. :–          वडा नं. :–          टोलः–

स्थायी लेखा नं. :–

१. अचल सम्पत्तिको विवरण

(क)  घर

| क्र.स. | घर जग्गा धनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरीद गरेको भए खरिद मुल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा न. | कित्ता न. | क्षेत्रफल (वर्गमिटर) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(ख) जग्गाको विवरण

| क्र.स. | जग्गा धनीको नाम | जग्गाको विवरण | | | | | खरीद गरेको भए खरिद मुल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा न. | कित्ता न. | क्षेत्रफल | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

२.   चल सम्पत्तिका विवरण जिल्ला

(क) नगद, सन, चादी, हिरा, जवाहरात :-

| क्र.स. | विवरण | परिमाण | प्राप्त मिति | खरिद गरको भए खरिद मुल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(ख) बैंक, वित्तिय संस्था तथा सहकारी सस्थामा रहको खाताको विवरण

| क्र.स. | सस्थाको नाम र ठेगाना | खाता न. | मौज्दात रकम | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ग) धितापत्र, शेयर वा ऋणपत्रका विवरण

| क्र.स. | खातावालाको नाम र ठेगाना | खाता न. | मौज्दात रकम | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(घ) ऋण लिए/दिए/तिरेको विवरण

| क्र.स. | ऋण लिने/दिने/तिर्ने व्यक्ति/सस्थाको नाम, ठेगाना | शेयर/ऋणपत्रको विवरण | ऋण लिए/दिए/तिरको रकम | ऋण लिए/दिए/तिरको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ङ) सवारी साधन (अटोमोबाइलका हकमा मात्र) को विवरण

| क.स. | सवारी धनीको नाम | सवारीका किसिम र नम्बर | खरीद मुल्य | खरीद मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

३. कृषि तथा प्रशोधन (घरजग्गा बाहेक) को विवरण क.स. विवरण

| क.स. | विवरण | सख्या | खरीद मुल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४. अन्य सम्पत्तिको विवरण

| क.स. | विवरण | खरीद मुल्य | प्राप्ति मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठिक छ । फरक पर्ने छैन ।

नाम :-

पदः—

दस्तखतः—

मितिः—

द्रष्टव्यः अघिल्ला आर्थिक वर्षमा पेश गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फाराममा भरी पेश गर्नु पर्नेछ ।